लैङ्गिक स्मरणसूची
पुनर्बास

एसियाली विकास बैंक
फेब्रुअरी २००३

एसियाली विकास बैंक
फेब्रुअरी २००३

यो दस्तावेज अंग्रेजीबाट अनुवाद गरी वृहत् जनसमुदायमा जानकारी होस् भन्ने हेतुले प्रकाशन गरिएको छ । तर, एसियाली विकास बैंकको आधिकारिक भाषा अंग्रेजी हो र यस दस्तावेजको अंग्रेजी मूल संस्करणलाई मात्र आधिकारिक मानिनेछ । कुनै पनि उद्दरण गर्नुपरे अंग्रेजी मूल संस्करणलाई नै आधार मान्नुपर्नेछ । एसियाली विकास बैंकले यस नेपाली अनुवादको यथार्थताको प्रत्याभूति गर्दैन र मूल संस्करणबाट फरक पर्न गएमा त्यसको जिम्मेवारी पनि लिंदैन ।

विषय सूची

स्मरणसूचीको उद्देश्य
पुनर्बासमा लैङ्गिक सरोकारको विषय किन महत्वपूर्ण छ ? १
पुनर्बासमा लैङ्गिक सरोकारका सवालहरु ३
परामर्श र सहभागिता ७
पुनर्बाससम्बन्धी योजना ९
तथ्यांक संकलनमा लैङ्गिक सरोकारका विषयहरु समावेश गर्ने ९
कानुनी हक र योग्यताको परिभाषा १०
पुनर्बासका लागि लैङ्गिक सम्वेदनशील संस्थागत संरचना व्यवस्था गर्ने १२
पुनर्बास र क्षतिपूर्तिसम्बन्धी विकल्पहरुको विस्तार १३
पुनर्बास र पुनर्स्थापन १५
स्थान छनौट १६
आवास १७
बासयोग्यता र सुरक्षा १८
सामाजिक पूर्वाधार १९
संक्रमणकालका सवालहरु २४
क्षतिपूर्ति २५
खेतालाको हक सुनिश्चित गर्ने २६
आयको पुनर्निर्माण २७
संस्थागत मामिलाहरु २९
संस्थागत क्षमता २९
गुनासो निवारण संयन्त्र ३१
वित्तीय लगानी ३२
पुनर्बास बजेट ३२
अनुगमन र मूल्यांकन ३३
अन्तर्राष्ट्रिय दस्तावेज ३४
सन्दर्भ सामग्री ३७

शब्दावली

GAD : लैङ्गिक तथा विकास
GRC : गुनासो निवारण समिति
M&E : अनुगमन र मूल्यांकन
NGO : गैर सरकारी संस्था
PPTA : आयोजना तयारी प्राविधिक सहायता
R&R : पुनर्बास र पुनर्स्थापन
WID : विकासमा महिला

स्मरणसूचीको उद्देश्य

यो स्मरणसूची कर्मचारी र परामर्शदाताहरुलाई एसियाली विकास बैंक (एडीबी) को बाध्यात्मक पुनर्वास नीति (नोभेम्बर १९९५) एवं लैङ्गिक तथा विकास नीति (जुन १९९८) कार्यान्वयन गर्न सहयोग पुगोस् भनी तयार पारिएको हो । यसले पुनर्वाससम्बन्धी योजना, कार्यान्वयन र अनुगमनमा लैङ्गिक सरोकारका सवालहरु पहिचान गरी त्यसलाई सम्बोधन गर्न सहयोग गर्नेछ ।

एडीबीले सन् १९९८ मा *Handbook on Resettlement : A Guide to Good Practice* (पुनर्वास हाते पुस्तिका : व्यवहारिक निर्देशिका) लागू गरेको थियो । उक्त पुस्तिका एडीबीका कर्मचारी, परामर्शदाता र कार्यकारी निकायका कर्मचारीहरुलाई पुनर्वाससम्बन्धी योजनामा सहयोग गर्न तयार पारिएको थियो ।

- एडीबीका कर्मचारी र परामर्शदाताहरुले पुनर्वाससम्बन्धी योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा लैङ्गिक सरोकारका सवालहरु पहिचान गर्न लैङ्गिक तथा पुनर्वाससम्बन्धी स्मरणसूची र पुनर्वास हातेपुस्तिका प्रयोग गर्नुपर्नेछ ।

- सबै प्रश्नहरु सबै आयोजनाका लागि सान्दर्भिक नहुन सक्छन् । त्यसैले, आयोजनाको प्रकृति र सामाजिक आर्थिक सन्दर्भका आधारमा प्रश्नहरु छनौट गरिनुपर्छ ।

यस कार्यमा तथा पुनर्वाससम्बन्धी स्मरणसूचीले उक्त पुनर्वास हाते पुस्तिकालाई साथ दिनेछ । पुनर्वास र पुनर्स्थापनको सम्पूर्ण प्रक्रियामा लैङ्गिक सरोकारका सवालहरुलाई सम्बोधन गरिनुपर्छ । यो स्मरणसूचीले आयोजनाका विभिन्न चरणहरुमा (हाते पुस्तिकामा पहिचान गरिएअनुसार) सहयोग पुङ्याउंछ । यसले प्रत्येक चरणमा लैङ्गिक सरोकारका सवालहरु पहिचान गर्न र त्यसको सुनवाईका लागि उपयुक्त लैङ्गिक समावेशी रणनीति, अ□तथा परिसूचकहरु तयार पार्न सहयोग गर्नेछ ।

यो स्मरणसूची परामर्शदाता इनाक्षी गांगुली, रुवानी जयवर्दने र शिरीन लतिफले तयार पार्नुभएको हो । यसमा फर्डिनान्ड रेक्लामाडोले निर्माण सहायकका रुपमा काम गर्नुभएको थियो ।

पुनर्बासमा लैङ्गिक सरोकारको विषय किन महत्वपूर्ण छ ?

विकास आयोजनाहरुले जमिन, पानी र अन्य प्राकृतिक स्रोतहरु प्रयोग गर्ने तरिका परिवर्तन गर्दा पुनर्बास सम्बन्धी विभिन्न असर देखिन थाल्छन् । सार्वजनिक प्रयोगका लागि निजी जमिनको अधिकरण, खरिद वा अरु कुनै तरिकाले जमिन तथा सम्पत्ति हासिल गर्दा पुनर्बासका समस्याहरु सिर्जना हुन्छन् । यसले समुदायको जीविकोपार्जन र स्रोत-साधनमा नोक्सान पुऱ्याउनुका साथै सामुदायिक सञ्जाल र सामाजिक सेवालाई अवरुद्ध पार्नसक्छ । जीवनयापन र आम्दानीका लागि प्रयोग हुने स्रोत-साधनको नोक्सानीका कारण समुदायका बासिन्दाले बढी कठिनाई बेहोर्नुपर्ने, सामाजिक तनाव उत्पन्न हुने र आर्थिक दरिद्रताको समस्या सिर्जना हुनसक्छ । यसले गर्दा प्रभावित व्यक्तिहरुलाई आफ्नो जीवनयापन, आम्दानी र जायजेथा फेरि पुनर्स्थापन गर्नुको अर्को विकल्प हुँदैन ।

आर्थिक तथा सामाजिक विस्थापनको यो प्रक्रियाले अहिलेको लैङ्गिक भेदभाव र असमानतालाई झन् चर्काउछ । धेरै ठाउंहरुमा जमिन र सम्पत्तिमा महिलाको स्वामित्व हुंदैन । उनीहरुका शैक्षिक स्तर पुरुषको तुलनामा कम हुन्छ, अनौपचारिककाम गर्छन् र स्वतन्त्र रुपमा हिंड्डुल गर्न पाउंदैनन् । घरपरिवारका लागि खानेपानी, घांस दाउराजस्ता आधारभूत आवश्यकताको बन्दोबस्त गर्ने जिम्मेवारी पनि महिलाहरुकै हुन्छ । त्यसैले, आर्थिक तथा सामाजिक प्रक्रिया खल्बलिंदा पुरुषले भन्दा महिलाले बढी कठिनाई झेल्नुपर्ने हुन्छ ।

समाजमा कुनै पनि फेरबदल हुंदा त्यसले व्यक्तिगत वा सामुदायिक रुपमा फरकफरक प्रभाव पार्छ । यसैमध्ये एक महत्वपूर्ण पक्ष लैङ्गिक प्रभाव हो । खासगरी पुनर्बाससम्बन्धी योजना घरायसी स्तरमा केन्द्रित हुन्छ । घरभित्रको लैङ्गिक परिपाटीलाई बुझ्न सकिएन भने महिलालाई पुरुषभन्दा बढी नकारात्मक प्रभाव पर्ने सम्भावना हुन्छ । नीतिगत र संस्थागत स्तरमा रहेको सामाजिक भेदभावले महिलाहरुलाई आयोजनाबाट प्राप्त अवसरहरु उपयोग गर्नबाट वञ्चित तुल्याउनसक्छ ।

> "अधिकार भन्नाले निम्न विषयहरु बुझिन्छ : सम्पत्तिमा अधिकार, स्थानीय स्रोत साधन प्रयोग गर्ने, योजना बनाउने र बन्दोबस्त गर्ने अधिकार, निर्णय लिने प्रक्रियामा अधिकार, सहभागिताको अधिकार, सूचनाको अधिकार, क्षतिपूर्तिको अधिकार, विकाससम्बन्धी नीति निर्माण गर्ने प्रक्रियामा अधिकार, स्थानीय स्रोत साधन कसरी प्रयोग गर्ने भनी निर्णय लिने अधिकार, सम्झौता गर्ने अधिकार, स्वच्छ र न्यायपूर्ण क्षतिपूर्तिको अधिकार, सामूहिक स्रोत साधनमा अधिकार, समान कामका लागि समान ज्यालाको अधिकार, र रोजगारको अधिकार" (श्रीनिवासन २००१)

जबसम्म अधिकार र समानताका सवालहरु पहिचान गरी समाधानको प्रयास गरिंदैन, तबसम्म पुनर्बासमा लैङ्गिक सरोकारका सवालहरुलाई राम्ररी सम्बोधन गर्न सकिंदैन ।

पुनर्बासमा लैङ्गिक सरोकारको विषय किन महत्वपूर्ण हुन्छ ?

- समाज र परिवारमा कायम रहेका लैङ्गिक असमानता सामाजिक तथा आर्थिक चाप पर्दा झनै चर्किन्छ ।

- महिलाहरुको जमिनमा स्वामित्व र सम्पत्तिमा अधिकार नहुनसक्छ ।

- महिलाहरुको शिक्षा, शीप, स्वास्थ्य र पोषणको स्तर पुरुषभन्दा कम हुनसक्छ ।

- महिलाहरु अनौपचारिक क्षेत्र, जस्तै खेतीपाती र वनबाट घांस दाउरा संकलन गर्ने काम गर्छन् । जीवनयापनका स्रोतहरुमा पनि उनीहरुको समान चासो रहेको हुन्छ ।

- महिलाहरुलाई स्वतन्त्र रुपमा हिंड्डुल गर्न नदिनु र बाहिरी संसारमा भइरहेका गतिविधिबाट टाढा राखिएकाले नयां वातावरणमा छिट्टै घुलमिल गर्न गाह्रो हुन्छ ।

- महिलाहरुले घांस दाउरा, पोषण, खानेपानी र सरसफाईजस्ता घरपरिवारका आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी बोकेका हुन्छन् । यसमा पुग्ने क्षतिले पुरुषलाई भन्दा महिलालाई धेरै प्रभाव पार्छ ।

- सामुदायिक र सामाजिक सञ्जाल अवरुद्ध हुंदा महिलाहरु पुरुषभन्दा बढी प्रभावित हुन्छन् । सामाजिक सञ्जालले संकटको समयमा सहयोग गर्नुका साथै घरपरिवारलाई सुरक्षा पनि दिएको हुन्छ ।

- सामाजिक प्रचलन र परम्परागत लैङ्गिक असमानताले नै महिलाहरुलाई हिंसा र तनावको शिकार हुनुपर्ने अवस्था सिर्जना गराएको छ । त्यसमाथि कुनै पनि आर्थिक र सामाजिक संकट आइपर्दा महिलाविरुद्ध हुने हिंसाको सम्भावना अझ बढ्न गई उनीहरुलाई थप जोखिमपूर्ण अवस्थामा पुऱ्याउंछ ।

- महिलाहरुको पोषण स्तर पुरुषको तुलनामा कम छ भने मृत्युदर र बिरामी हुने अनुपात बढी छ । आर्थिक र सामाजिक समस्याले यो अवस्थालाई अझ जटिल बनाउने हुंदा महिलाहरुको स्वास्थ्य स्थिति झनै बिग्रनसक्छ ।

- महिलाहरुमा पर्ने नकारात्मक प्रभावले परिवार, खासगरी केटाकेटी र वृद्धहरुको स्याहारसुसारमा असर पर्छ ।

पुनर्बासमा लैङ्गिक सरोकारका सवालहरु

जमिनमा स्वामित्व र सम्पत्तिमा अधिकार नभएकाले महिलाहरुले क्षतिपूर्तिमा समान अधिकार पाएका छैनन् । अधिकांश आयोजनाहरुमा क्षतिपूर्ति, पुनर्बास र पुनर्स्थापन जमिन र सम्पत्तिको कानुनी स्वामित्वमा आधारित छन् । धेरै समाजमा महिलाहरुले जमिन भोगचलन गर्ने अधिकार पाए पनि उनीहरुसंग जमिनमा स्वामित्व र सम्पत्तिमा अधिकार नहुनसक्छ । त्यसैले, उनीहरु क्षतिपूर्ति तथा अन्य फाइदाहरु पाउनका लागि योग्य हुँदैनन् ।

परम्परागत रुपमा कुनै पनि पुरुषप्रधान तथा पितृसत्तात्मक समाजमा जमिन र सम्पत्तिको स्वामित्व बाबुबाट छोरामा हस्तान्तरण हुन्छ । एसिया तथा प्रशान्त क्षेत्रका धेरै भागहरुमा महिलाले जमिन र वन भोगचलन गर्ने अधिकार प्रयोग गरे पनि उनीहरुको जमिनमा स्वामित्व भने छैन । त्यसैले, क्षतिपूर्तिको भुक्तानी लैङ्गिक रुपमा भेदभावपूर्ण छ । जमिन तथा सम्पत्तिहरु मुख्यतया पुरुषको नाममा दर्ता हुने हुँदा महिलाहरु क्षतिपूर्ति लिनबाट वञ्चित हुन्छन् ।

जीविकोपार्जन र आय पुनर्स्थापन महिला र पुरुष दुवैका लागि उत्तिकै महत्वपूर्ण छन् । महिलाहरु धेरैजसो अनौपचारिक क्षेत्र, जस्तै वनजंगलबाट घांस दाउरा काट्ने, खेतमा काम गर्ने वा आफ्नो उत्पादन बिक्री गर्ने काम गर्छन् । घरपरिवारका लागि महिलाहरुको आर्थिक गतिविधि आम्दानीको एक महत्वपूर्ण स्रोत हुनसक्छ । यस्ता कार्यहरु बन्द हुंदा घरपरिवारको जीविकोपार्जनमा समस्या आउनसक्छ, जसले महिलाहरुको आर्थिक कठिनाई बढाउंछ । त्यसैले, महिलाहरुको आर्थिक गतिविधिलाई पनि पुनर्बास कार्यक्रमको योजना तथा कार्यान्वयनमा गणना गर्नु महत्वपूर्ण हुन्छ ।

महिलाहरुको तालिम र शिक्षा कम हुनाले अरु वैकल्पिक उपायहरु सीमित हुन्छन् । पुनर्स्थापन प्याकेजमा दिइने क्षतिपूर्तिका अवसरहरु वैकल्पिक रोजगारमा समेटिन सक्छन् । महिलाहरुको शीप, शिक्षा र बाह्य सम्पर्क कम भएकाले उनीहरुमा वैकल्पिक उपाय खोज्ने तथा जीविकोपार्जनका विकल्पहरु छनौट गर्ने अवसर सीमित हुन्छ । त्यसैले, महिलाहरुका लागि व्यावसायिक तथा जीविकोपार्जनका अवसरहरु सिर्जना गर्ने योजना बढी जरुरी छ ।

घरभित्रको लैङ्गिक असमानता अझ चर्किनसक्छ । समाज र परिवारमा अहिले कायम रहेका लैङ्गिक असमानतालाई बाध्यात्मक विस्थापनले झन् चर्काउंछ, जसले महिला तथा केटाकेटी र त्यसमा पनि बालिकाहरुको स्थिति जोखिमपूर्ण बनाउंछ । यो कुरा बिरामी हुने दर, हिंसाको अनुपात बढ्ने, पोषण स्तर घट्नेजस्ता तथ्यांकले दर्शाउंछ । घरका सदस्यहरुबीच स्रोत साधनको वितरण समानुपातिक ढंगले हुन्छ भनी ठान्नु हुंदैन ।

बाध्यात्मक विस्थापनले महिलामाथि बोझ थप्नसक्छ । सामान्यतया घरपरिवारका लागि खानेकुरा, घांस दाउरा जुटाउने जिम्मेवारी महिलाहरुको हुन्छ । तर वन, पानी र जमिनजस्ता प्राकृतिक स्रोत साधनमा पर्ने नकारात्मक वातावरणीय प्रभावका कारण घांस दाउराको अभाव हुनथाल्छ । यसले महिलाहरुलाई प्रत्यक्ष प्रभाव पार्नसक्छ, किनकी परिवारमा उनीहरुले नै घांस दाउरा संकलन गर्ने जिम्मेवारी निर्वाह गरिरहेका हुन्छन् । यसलाई पुनर्बाससम्बन्धी योजना र त्यसको कार्यान्वयनमा सम्बोधन नगरेसम्म महिलाहरुले आधारभूत आवश्यकता परिपूर्ति गर्नमा खटिरहनु पर्छ । त्यस्तै, वस्तुभाउ बिक्री गर्दा चरण क्षेत्रको नाश हुनसक्छ ।

बाध्यात्मक विस्थापनका कारण बिरामी हुने दर र मृत्युदर समेत बढेको तथ्य विश्वव्यापी अध्ययनले देखाएको छ । मृत्युदरलाई उमेरका आधारमा हेर्दा बालिका तथा ३५ वर्ष उमेरसम्मका महिलाहरुमा मृत्यु र बिरामी हुने दर बढी पाइएको छ । यो जीवनको सबभन्दा उत्पादनमूलक उमेर हो । यदि विस्थापनका कारण बिरामीको संख्या बढ्छ भने सबभन्दा पहिला महिलाहरुलाई प्रभाव पार्छ, किनभने सामान्य अवस्थामा समेत महिलाहरुको पोषण तथा स्वास्थ्य पुरुषको तुलनामा कम छ । केही अध्ययनले त प्रतिव्यक्ति क्यालोरी उपभोगमा उल्लेखनीय कमी आएकाले समग्र रुपमा स्वास्थ्य स्थिति तल झरेको औंल्याएका छन् । (गांगुली ठुक्राल १९९६)

महिलाहरुले स्वतन्त्र रुपमा हिंड्डुल गर्न नपाउनु र बाहिरी कामकाजको सीमित चेतनाले नयां वातावरणमा तुरुन्तै घुलमिल हुन गाह्रो हुन्छ । पुरुषभन्दा कम हिंड्डुल गर्ने हुंदा महिलाहरुको संसार सीमित हुन्छ । त्यसैले, उनीहरुमा नयां अवस्था र वातावरणको सामना गर्ने र घुलमिल हुने क्षमता कम हुन्छ ।

भियतनाम, लाओ र चीनमा जमिनसम्बन्धी बदलिंदो अधिकार

भियतनाम, लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र र जनवादी गणतन्त्र चीनमा सामुदायिक घरायसी खेतीमा आएको परिवर्तनले जमिन तथा सम्पत्तिमा महिलाको "अधिकार" र नियन्त्रण गुमेको छ। यी तीनैवटा मुलुकमा जमिनको स्वामित्व राज्यमा रहन्छ। कानुनले जमिनको पुनःविनियोजन र दर्ताका लागि घरायसी खेतलाई अर्का रुपमा लिएकाले कानुनले स्वतन्त्र घरायसी खेतको सिर्जनालाई प्रोत्साहित गरेको छ।

घटना विश्लेषण

भियतनाम र लाओमा पुरुष तथा महिलाहरुलाई जमिन दर्ता गर्ने समान अधिकार भए पनि परम्परागत चलनअनुसार जमिनको दर्ता घरमूलीका रुपमा रहेको पुरुषका नाममा गरिन्छ।

जनवादी गणतन्त्र चीनमा पनि सम्पत्तिको अधिकार स्पष्ट छैन। स्वामित्व र उपयोगको अधिकार राज्यको नीतिबाट निर्देशित छ भने सम्पत्तिको स्वामित्व, अधिकरण, व्यवस्थापन, प्रबन्ध, उपयोग र हस्तान्तरणसम्बन्धी भेदभावपूर्ण प्रचलनहरुले महिला अधिकारलाई मानव अधिकारका रुपमा स्थापित गर्न अवरोध खडा गरेको छ। यसले सामाजिक विकासमा पनि नकारात्मक असर पार्छ।

(टिंकर र समरफिल्ड १९९९, पृष्ठ २६९)

विस्थापनको सामाजिक प्रभावले पुरुषभन्दा महिलालाई बढी असर पार्छ। विस्थापनका कारण सामुदायिक तथा अन्य सामाजिक सञ्जाल अवरुद्ध हुंदा महिलाहरु पुरुषभन्दा बढी प्रभावित हुनसक्छन्, किनकी उनीहरु आफ्ना बालबच्चाको हेरविचारजस्ता भावनात्मक र व्यवहारिक सहायताका लागि समुदाय तथा अन्य सामाजिक सञ्जालमा निर्भर हुन्छन्। यस्ता सञ्जाल अवरुद्ध भए विस्थापन बढी तनावपूर्ण हुन्छ।

विस्थापनले सामाजिक कुरीति र महिलाविरुद्धको हिंसा बढाउनसक्छ। विस्थापनका कारण रक्सी पिउने, वेश्यावृत्तिमा लाग्ने र जुवा खेल्नेजस्ता सामाजिक कुकर्म उत्पन्न भई महिलाहरुको जीवनस्तरमा असर पार्छ। महिलाहरु कहिलेकाहिँ यौन दुर्व्यवहार र वेश्यावृत्तिजस्ता नयाँ खालका हिंसा सामना गर्न बाध्य हुन्छन्। सामाजिक प्रचलन र परम्परागत लैङ्गिक असमानताले महिलाहरुलाई यौन र शारिरीक हिंसाको शिकार हुनुपर्ने अवस्था सिर्जना गर्नसक्छ।

टिपोट

विस्थापनको प्रभाव पुरुष र महिलाहरुलाई फरक फरक हुनसक्छ। यस्ता भिन्नताहरुको खोजी गरेर समाधान गर्नुपर्छ।

महिला सहभागिता सुनिश्चित गर्ने

- सबै बैठकहरुमा विभिन्न सामाजिक-आर्थिक समूहका महिलाहरुको सहभागिता र उपस्थिति सुनिश्चित गर्ने ।
- महिलाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्न जुन समयमा उनीहरुलाई बैठकमा भाग लिन सजिलो हुन्छ, त्यही समयमा बैठक/परामर्श आयोजना गर्ने ।
- महिलाहरुले बैठकमा स्वतन्त्र रुपले भाग लिउन् भनेर उनीहरुसँग छलफल गरी बैठक बस्ने ठाउं तय गर्ने ।
- औपचारिक वा अनौपचारिक महिला समूह, सञ्जाल वा महिला सहजकर्ताका माध्यमबाट महिलाको सहभागिता बढाउने ।
- प्रभावित व्यक्तिहरुलाई क्षतिपूर्ति दिंदा महिलालाई पनि सहभागी गराउने ।
- महिलाहरुका लागि छुट्टै बैठक आयोजना गर्ने ।
- पुनर्बाससम्बन्धी योजना तयारी र समीक्षा गर्दा महिला सहभागिता सुनिश्चित गर्ने ।
- महिला संगठनहरुलाई उनीहरुको समुदायभित्र र क्षेत्रीय तथा राज्य प्रक्रिया दुवैमा अधिकार प्रदान गर्नु जरुरी छ । यसले निर्णय लिने प्रक्रियामा महिलाहरुले नाममात्रको सहभागिता पाउने अवस्था टर्छ ।
- कार्यान्वयन तथा अनुगमनमा महिला संलग्नता तथा सहभागिता सुनिश्चित गर्ने ।
- सहभागितामूलक अभ्यासको सम्पूर्ण विवरण तयार पार्ने ।

परामर्श र सहभागिता

एडीबीको बाध्यात्मक पुनर्बास नीति तथा *पुनर्बास हातेपुस्तिकाले* प्रभावित व्यक्तिहरुलाई पुनर्बास सम्बन्धी योजना र त्यसको कार्यान्वयनको सूचना र परामर्श लिनुपर्छ भनी प्रकाश पारेको छ। परामर्श प्रक्रियामा महिलालाई सहभागी गराउनुका साथै प्रभावको पहिचान, समस्या समाधानको उपयुक्त माध्यमको विकास तथा कार्यान्वयन र अनुगमनमा सक्रिय भूमिका निर्वाह गर्नेछन् भनी सुनिश्चित गर्नेछ।

प्रमुख सवाल

- ➔ सामाजिक तथा सांस्कृतिक कारणले महिलाहरुलाई पुनर्बाससम्बन्धी योजना र कार्यान्वयनमा सक्रिय रुपले सहभागी हुनबाट वञ्चित तुल्याउनसक्छ। त्यसैले, उनीहरुको सहभागिता सुनिश्चित गर्न विशेष प्रयास गर्नुपर्नेछ।

- ➔ योजनाकारहरु धेरैजसो समाजका गण्यमाण्य पुरुषरारा सञ्चालित हुन्छन्, जसले गर्दा समग्र समुदाय र खासगरी महिलाहरुको प्रतिनिधित्व हुदैन।

- ➔ प्रशासन र कानुनी प्रणालीमा रहेको पुरुषवादी मान्यताका कारण महिलाहरुको सहभागिता सुनिश्चित नभएसम्म परम्परागत चलनहरुमा महिला अधिकार उपेक्षित हुनुका साथै जोखिमपूर्ण अवस्थाका महिलाहरुलाई हानी पुग्छ। यसले विधवा, वृद्धा, सम्बन्धविच्छेद गरेकी महिला र महिला घरमूली भएको परिवार समस्यामा पर्नसक्छन्।

- ➔ सहभागिताका लागि प्रमुख सवाल भनेको पूर्ण जानकारी प्राप्त गर्नु हो। प्रभावित व्यक्तिहरुले पुनर्स्थापनको अधिकार उपयोग गर्न पूर्ण रुपमा सूचित हुनुपर्नेछ।

प्रमुख प्रश्न

- ➔ सबै सामाजिक-आर्थिक वर्गका महिलाहरुसंग आयोजनाबारे परामर्श गरियो ?
- ➔ महिलाहरुसंग प्रस्तावित आयोजनासम्बन्धी कुनै सूचना छ ?
- ➔ महिलाहरुसंग पुनर्बाससम्बन्धी योजनामा परामर्श गरियो ?
- ➔ पुनर्बाससम्बन्धी योजना विकास गर्दा महिलाहरुलाई संलग्न गराइयो र उनीहरुको सुझाव माग गरियो ?

- ➔ प्रभावित व्यक्तिहरु पहिचान गर्न महिलाहरुसंग परामर्श लिइयो ?
- ➔ पुनर्बाससम्बन्धी योजना प्रभावित महिलाहरुसंग कसरी छलफल गर्ने ?
- ➔ आयोजनाको प्रत्येक चरणमा महिला सहभागिता सुनिश्चित गर्ने कुनै संयन्त्र छ ?
- ➔ महिलाहरुका लागि छुट्टै बैठक हुनुपर्छ ?

प्रमुख रणनीति

- ➔ विभिन्न सामाजिक-आर्थिक समूहबाट महिलाको पर्याप्त प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने ।
- ➔ पुनर्बाससम्बन्धी योजनाको तयारी र सार्वजनिकीकरणका क्रममा समानुपातिक वा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने र उनीहरुको विचार बुझ्ने ।
- ➔ शौचालय, सरसफाई, पानी तथा आवास योजनाजस्ता सवालमा महिलाहरुको विचार थाहा पाउन महिला सहजकर्ताको सहयोगमा छुट्टै बैठक आयोजना गर्ने ।

भियतनाम तेस्रो सडक मर्मतसम्भार आयोजना

घटना विश्लेषण

भियतनाम तेस्रो सडक मर्मतसम्भार आयोजनामा विकासका लागि लैङ्गिक तथा वातावरणीय सरोकार केन्द्र (Centre for Gender and Environment in Development) लाई बाह्य अनुगमन निकायका रुपमा नियुक्त गरिएको थियो । यसमा भियतनाम महिला संघका प्रतिनिधिलाई प्रान्तीय, जिल्लास्तरीय र समुदायस्तरका पुनर्बास समितिहरुमा सहभागी गराउनुपर्ने सुझाव दिइएको छ । बाह्य अनुगमन निकायले महिला प्रतिनिधिहरुलाई स्थलगत टोलीका रुपमा प्रयोग गरेको छ, किनकी उनीहरु प्रभावित व्यक्तिसंग राम्ररी सम्पर्क गर्न सक्षम हुन्छन् ।

पुनर्बाससम्बन्धी योजना

पुनर्बास योजनाको अत्यावश्यक पक्ष भनेको प्रभावित व्यक्तिहरुको सामाजिक-आर्थिक तथ्यांक संकलन गर्नु हो । यस्तो तथ्यांकले प्रभावित व्यक्ति पहिचान गर्न र आयोजनाको प्रभाव तथा खतराको लेखाजोखा गर्न मद्दत पुऱ्याउंछ भने महिलाका आवश्यकतालाई पनि पुनर्बास र पुनर्स्थापनमा सम्बोधन गर्नेछ ।

तथ्यांक संकलनमा लैङ्गिक सरोकारका विषयहरु समावेश गर्ने

प्रमुख सवाल

- ➔ लैङ्गिक-समावेशी पुनर्बास योजना विकास गर्दा पुरुष र महिलाको छुट्टाछुट्टै तथ्यांक संकलन गर्नु पहिलो कदम हो ।

प्रमुख प्रश्न

- ➔ महिलाहरुलाई सामाजिक-आर्थिक सर्वेक्षणमा संलग्न गराइएको छ ?
- ➔ महिलाहरुको जमिन र सम्पत्तिको स्थितिबारे सूचना संकलन गरिएको छ ?
- ➔ सर्वेक्षणमा घरायसी श्रम विभाजन, महिलाको जीविकोपार्जनका स्रोत तथा पारिवारिक आम्दानीमा महिलाको योगदानजस्ता प्रश्नहरु समावेश छन् ?

प्रमुख रणनीति

निम्न लिखित विषयमा प्रत्येक घरपरिवारबाट पुरुष र महिलाको छुट्टाछुट्टै तथ्यांक संकलन गर्नुहोस्

- ➔ स्रोत-साधनको स्वामित्व र प्रयोग,
- ➔ वित्त तथा स्रोत-साधनको प्रयोगसम्बन्धी निर्णय लिने,
- ➔ महिलाको औपचारिक तथा अनौपचारिक आयमूलक कार्यहरु,
- ➔ पशुपालन, करेसाबारी र वनको प्रयोगमा महिलाहरुको निर्भरता, र
- ➔ महिलाहरुको शीप ।

महिला घरमूली भएको परिवार, वृद्धा र एकल महिलाको तथ्यांक संकलन गर्नु जरुरी छ। यसका लागि महिला अनुसन्धानकर्ता नै प्रयोग गर्नेतर्फ ध्यान दिनुपर्नेछ। यदि यो सम्भव नभए अनुसन्धानकर्ताहरु लैङ्गिक रुपमा सम्वेदनशील र महिलाहरुसंग तथ्यांक संकलन गर्न तालिमप्राप्त हुनुपर्नेछ।

कानुनी हक र योग्यताको परिभाषा

जमिन र सम्पत्तिमा अधिकार दुवै औपचारिक हुनसक्छ र परम्परागत कानुनले निर्देशित गर्नसक्छ। संसारका अधिकांश क्षेत्रमा जमिन र सम्पत्तिको औपचारिक अधिकार लैङ्गिक असमानताले तय गर्छ। परम्परागत कानुन र अनौपचारिक संस्थाहरु पनि यसमा पक्षपती हुनसक्छन्।

यसैगरी, अनौपचारिक संस्थागत व्यवस्था मार्फत् महिलाले सम्पत्ति, पानी र जमिनमा अधिकार पाएका हुनसक्छन्। सम्पत्तिमा अधिकारलाई धेरैजसो अचल र औपचारिक रुपमा लिइन्छ। तर, पानीको सन्दर्भमा समय र ठाउं बमोजिम आपूर्ति फरक पर्ने हुंदा यस्तो अधिकार अनौपचारिक, अस्थायी र एकबाट अर्कोमा हस्तान्तरण गर्न सकिने पनि हुनसक्छ।

त्यसैले, योग्यताको मापदण्डलाई जमिन र सम्पत्तिको कानुनी हकमा मात्र सीमित गर्न मिल्दैन, किनभने महिलाहरुलाई यसबाट वञ्चित गराइने धेरै सम्भावना हुन्छ। उनीहरु स्रोत-साधन भोगचलन गर्ने प्रमुख व्यक्ति भए पनि सम्पत्ति र जमिनमा स्वामित्व नहुनसक्छ।

टिपोट

लैङ्गिक-समावेशी पुनर्बास योजना सुनिश्चित गर्दा पुरुष र महिलाको छुट्टाछुट्टै तथ्यांक संकलन गर्नु पहिलो र सबभन्दा महत्वपूर्ण कदम हो।

प्रमुख सवाल

- पुनर्बास प्याकेजअन्तर्गत बांडिने जमिन र सम्पत्तिमा महिलाको कानुनी अधिकार सुनिश्चित गर्ने प्रावधान राख्नुपर्नेछ।
- अनौपचारिक संस्थागत व्यवस्थामार्फत् महिलाले सम्पत्ति, पानी र जमिनमा अधिकार पाएका हुनसक्छन्। नयां औपचारिक संस्थाहरु स्थापना गर्दा परम्परागत व्यवस्थाले दिएको अधिकारलाई फितलो बनाउनसक्छ।
- परम्परागत कानुन र अनौपचारिक संस्थाले महिलाहरुलाई भेदभाव गरेको पाइएको छ।

प्रमुख प्रश्न

- ➔ समाजमा महिलाहरुको दर्जा कस्तो छ ?
- ➔ जमिन र सम्पत्तिमा महिलाहरुको कानुनी हक छ ?
- ➔ स्रोत-साधन र सम्पत्तिमा महिलाहरुको स्वामित्व, पहुंच र अधिकार कस्तो छ ?
- ➔ महिलाहरुको जीविकोपार्जनका स्रोत प्रभावित भएका छन् ?
- ➔ कस्ता कानुनी उपाय अपनाउन सकिन्छ ?
- ➔ जमिन, सम्पत्ति तथा अन्य स्रोत-साधनमा महिलाको परम्परागत वा अनौपचारिक अधिकार छ ?

नीतिको सिद्धान्तमा भनिएको छ, "लैङ्गिक समानता र निष्पक्षतालाई नीतिमा पूर्ण रुपले सुनिश्चित गर्नुपर्नेछ ।" नीतिमा जोखिमपूर्ण अवस्थामा रहेका समूहको जीवनस्तर उकास्न उपयुक्त सहायता प्रदान गर्नुपर्नेछ भन्ने उल्लेख छ । नीतिको यो उद्देश्य र लैङ्गिक निष्पक्षताको सिद्धान्तले पुनर्बासबाट प्रभावित जोखिममा परेका महिलाहरुको सुरक्षालाई सुनिश्चित गर्छ । श्रीलंका : बाध्यात्मक पुनर्बास नीति

प्रमुख रणनीति

- ➔ प्रचलित जमिन तथा सम्पत्ति अधिकार कानुनमा महिलाहरुको पक्षमा कुनै प्रावधान वा अधिकार छ भने त्यसको पहिचान गर्ने ।
- ➔ प्राकृतिक स्रोत-साधनमा लागू हुने कानुनहरुको समीक्षा गर्ने, जस्तै :
  - भोगचलन कानुन- पानी, खानी उत्खनन् र अन्य भोगचलनसंग सम्बन्धित,
  - संरक्षण कानुन- वन, वन्यजन्तु, जैविक विविधता आदिको संरक्षणका लागि,
  - अधिकरण कानुन- ग्रामीण र शहरी क्षेत्र दुवैका लागि जमिनको कारोबार गर्ने,
  - पुनरुत्पन्न कानुन- वातावरण सुरक्षा, प्रदूषण र जमिन तथा वनको पुनरुत्पन्नसंग सम्बन्धित
- ➔ निम्न विषयसंग सम्बन्धित कानुन र नीतिहरु लेखाजोखा गर्ने :
  - आवास र निर्माण,
  - स्वामित्व, हस्तान्तरण र सम्पत्तिको उत्तराधिकार, र
  - पुनर्बास र पुनर्स्थापन

महिलाहरुको निम्न सरोकारलाई सुनिश्चित गर्ने :

- सम्पत्ति, आम्दानी र जीविकोपार्जनमा परेको नोक्सानीको क्षतिपूर्ति,
- बसाइसराइँका लागि सहायता, र
- पुनर्स्थापनका लागि सहायता ।

अन्तर्राष्ट्रिय विधि

बाध्यात्मक निर्वासन विस्थापन, विकाससंग सम्बन्धित विस्थापन र जमिन तथा आवासको अधिकारलाई सम्बोधन गर्दा सम्बन्धित सरकारले कुनै सान्दर्भिक अन्तर्राष्ट्रिय विधिहरुमा हस्ताक्षर गरेको छ कि छैन भनी निरीक्षण गर्नु जरुरी छ, किनकी यसले पुनर्बास नीति तथा योजनालाई प्रभावित पार्नसक्छ ।

पुनर्बासका लागि लैङ्गिक सम्वेदनशील संस्थागत संरचना व्यवस्था गर्ने

औपचारिक र अनौपचारिक दुवै संस्थाहरु समाजमा जसरी सञ्चालन भइरहेका छन्, त्यसले समाजको विद्यमान लैङ्गिक सम्बन्ध झल्काउंछ । नयां औपचारिक संस्थाहरु स्थापना गर्दा परम्परागत व्यवस्थाले दिएको अधिकारलाई बेवास्ता र क्षति पुऱ्याउन सक्छ ।

प्रमुख सवाल

➔ महिलाहरुले अनौपचारिक संस्थाअन्तर्गत भोग गरिरहेको अधिकारलाई नयां औपचारिक संस्थाहरुको स्थापनाले फितलो बनाउनसक्छ ।

➔ संस्थाको संरचनामा (क) विद्यमान लैङ्गिक असमानतालाई झन् बढाउनुहुंदैन, ख) लैङ्गिक असमानतालाई सम्बोधन गर्न लचिला विकल्पहरु सिर्जना गर्नुपर्छ, र ग) महिलाहरुलाई अवसर प्रदान गर्ने प्रक्रियाको थालनी गर्नुपर्छ ।

प्रमुख रणनीति

➔ औपचारिक र अनौपचारिक संस्थागत विधिहरुको मूल्यांकन गर्ने । लैङ्गिक निष्पक्षतामा आधारित विधिहरु लागू गर्ने र लैङ्गिक असमानता बढाउने खालका विधिहरु परिवर्तन वा संशोधन गर्ने ।

पुनर्बास र क्षतिपूर्तिसम्बन्धी विकल्पहरुको विस्तार

क्षतिपूर्ति र जीवनयापनको पुनर्स्थापन गर्दा प्रभावित व्यक्तिहरुलाई धेरै विकल्पहरु उपलब्ध गराउनु आवश्यक छ। धेरै आयोजनाहरुमा सटही जग्गा, जग्गा किन्न थप नगद अनुदान दिने, रोजगार सिर्जना गर्ने लगायतका विकल्पहरु प्रयोग गरिन्छन्।

प्रमुख सवाल

- साधारणतया क्षतिपूर्ति भुक्तानी कानुनी प्रक्रियाको एक अभिन्न अङ्ग हो र महिलाहरु क्षतिपूर्ति प्राप्त गर्न औपचारिक रुपमा योग्य नहुन सक्छन्। घरमूलीलाई क्षतिपूर्ति प्रदान गर्दा परिवारभित्र सधैं समानुपातिक रुपले वितरण हुन्छ भनी भन्न सकिंदैन। त्यसैले, घरभित्र रहेको असमानतालाई पनि सम्बोधन गरिनुपर्छ।
- महिला तथा पुरुषले क्षतिपूर्तिको रकम फरक ढंगमा उपयोग गर्ने गरेको विगतको अनुभवले देखाएको छ। पुरुष घरमूलीलाई दिइएको क्षतिपूर्ति परिवारको पुनर्स्थापनमा मात्र प्रयोग गरिंदैन। पुरुषले क्षतिपूर्तिको पैसा पाएपछि व्यक्तिगत खर्चमा लगाएको वा समुदायमा प्रतिष्ठा र हैसियत बढाउने उद्देश्यले लापरवाहीपूर्वक खर्च गरेको उदाहरण पनि छ। त्यसैले, महिलाहरुलाई नै क्षतिपूर्ति रकम प्रदान गर्ने विकल्पमा गम्भीरतापूर्वक विचार गर्नुपर्छ।

प्रमुख प्रश्न

- क्षतिपूर्तिका लागि सान्दर्भिक कानुन कुन हो ?
- यसले "क्षतिपूर्तिका लागि योग्य व्यक्ति" भनी कसरी परिभाषित गरेको छ ?
- त्यो कानुनले महिलाहरुलाई क्षतिपूर्तिको अधिकार दिएको छ ?
- महिलाहरुले छनौट गरेका क्षतिपूर्ति र पुनर्बासका विकल्पहरु के के हुन् ?

टिपोट

महिलाहरुलाई उपयुक्त हुने अरु किसिमका क्षतिपूर्ति, भुक्तानी र पुनर्स्थापन सहायताको विकास गर्ने।

प्रमुख रणनीति

- क्षतिपूर्तिका विकल्पबारे छलफल गर्दा महिलाहरुलाई पनि सहभागी गराउने ।
- लोग्ने-स्वास्नी दुवैका नाममा क्षतिपूर्ति रकम भुक्तान गर्न वा जमिनको स्वामित्व प्रदान गर्न विकल्पको खोजी गर्ने ।
- महिलाहरुलाई आम्दानीको नोक्सानीको मुआब्जा र साथै सार्वजनिक पोखरी, वन, नदीजस्ता सम्पत्तिमा हुने क्षतिका लागि छुट्टै क्षतिपूर्ति उपलब्ध गराउने ।
- जीविकोपार्जन पुनर्स्थापन कार्यक्रममा महिलालाई छुट्टै विकल्पहरुको विकास गर्ने ।

पुनर्बासमा महिलाहरुको आकांक्षा सुरक्षित पार्ने

- महिलाहरुको सामाजिक-आर्थिक अवस्था, आवश्यकता र चाहनाको छुट्टै पहिचान गर्ने । सर्वेक्षण र कानुनी अधिकारको मापदण्डले महिला घरमूली भएको परिवारलाई पनि मान्यता दिनुपर्नेछ । महिलाहरुमा परेको प्रभावको छुट्टै अनुगमन र मूल्यांकन गर्ने ।
- जमिन अधिकरण र पुनर्बासको प्रक्रियाले महिलाहरुलाई हानी पुऱ्याउने छैन भनी सुनिश्चित गर्ने ।
- जमिन/घरको स्वामित्व र अनुदान लोग्ने-स्वास्नी दुवैका नाममा हुनुपर्नेछ ।
- पुनर्बासका सबै पक्षहरुमा (आय पुनर्स्थापन कार्यक्रमको योजना र कार्यान्वयनसमेत) महिलाहरुसंग मिलेर वा उनीहरुलाई सहयोग गर्न पुनर्बास निकायले महिला कर्मचारी नियुक्त गर्ने । पुनर्बास योजना, व्यवस्थापन र सञ्चालन, रोजगार सिर्जना तथा आयआर्जनमा महिला समूहलाई सहभागी गराउने ।

पुनर्बास र पुनर्स्थापन

पुनर्बास र पुनर्स्थापन कार्यक्रमको कार्यान्वयनमा लैङ्गिक सरोकारका विषयहरुलाई सम्बोधन गर्नु अत्यन्तै महत्वपूर्ण छ। कार्यक्रमका सबै पक्षहरु- स्थान छनौट, स्थान र घरको ढांचा तयार पार्ने, सामाजिक पूर्वाधारको व्यवस्था, सेवामा पहुंच, जमिन र घरमा स्वामित्वको प्रावधान, क्षतिपूर्तिको भुक्तानी र आय पुनर्स्थापनमा महिलाहरुका विशेष चाहना र आवश्यकतालाई ध्यानपूर्वक सम्बोधन गरिनुपर्छ।

कलकत्ता वातावरणीय सुधार आयोजनामा बसाइसराइँका लागि स्थान छनौट गर्दा महिलाहरुको छनौट मापदण्डले प्रमुख भूमिका निर्वाह गरेको थियो। महिलाहरुको विशेष चासो स्थानको सुरक्षा र अहिलेको ठाउँबाट कति नजिक छ भन्नेमा थियो। यसमध्ये नयाँ छानिएको स्थान अहिलेको ठाउँबाट कति नजिक छ भन्ने विषयलाई निम्न कारणले महत्वपूर्ण मानिन्थ्यो : १) रोजगारको निरन्तरता, २) हिंडेर काममा जान सकिन्छ कि सकिदैन, ३) आफ्नो बालबच्चालाई अपर्झट पर्दा तुरुन्तै घर फर्किन सकिन्छ कि सकिदैन, र ३) आधारभूत सामाजिक सेवाहरुको पहुँच।

आय पुनर्स्थापन कार्यक्रम पुनर्बास र पुनर्स्थापन प्रयासको एक दीगो र महत्वपूर्ण अङ्ग हो। यसले आयोजनाअघि प्रभावित व्यक्तिहरुको आयमूलक कार्यका आधारमा जमिन वा अन्य विकल्प दुवैलाई समेट्नुपर्छ। महिलाहरुको आय पुनर्स्थापन सुनिश्चित गर्न छुट्टै प्रावधान लागू गर्नुपर्छ।

स्थान छनौट, ठाउं, ढांचा र भौतिक क्षेत्र कति उपयुक्त छ भन्ने कुरा महिलाहरुका निम्ति मुख्य चासोका विषय हुन्छन्। यसको प्रमुख कारण पारिवारिक जिम्मेवारी हो, जसमा बालबच्चा देखि वृद्धसम्मको स्याहारसुसार पर्छन्। महिलाहरु परिवारको आम्दानीमा योगदान पुऱ्याउने विभिन्न महत्वपूर्ण घरायसी कार्यमा समेत संलग्न हुन्छन्। त्यसैले, स्थान र घरको ढांचा तयार पार्दा घरायसी आवश्यकता प्रति सम्वेदनशील हुनु जरुरी छ।

स्थान छनौट

टिपोट

पानी ट्यांकी, धारा, शौचालय वा अन्य सुविधाका लागि ठाउँ छनौट गर्दा महिलाहरुसँग छलफल गर्नुपर्नेछ, किनकी सुरक्षा, गोप्यता र सांस्कृतिक परिपाटीका सवालहरुमा महिलालाई बढी सरोकार हुन्छन् ।

प्रमुख सवाल

➔ स्थान छनौटमा महिला र पुरुषबीच निकै ठूलो भिन्नता हुनसक्छ । महिलाहरु ठाउं छान्दा काम गर्ने ठाउंसम्मको दूरी, भौतिक सुरक्षा, बालबच्चालाई चाहिने सुविधा र आफ्ना नातागोता तथा अन्य सामाजिक सञ्जाल रहेको ठाउंबाट कति नजिक छ भन्ने कुरामा मुख्य ध्यान दिन्छन् ।

प्रमुख प्रश्न

➔ सामाजिक-आर्थिक समूहको प्रतिनिधित्व गर्ने प्रभावित महिलाहरुलाई वैकल्पिक ठाउंहरु देखाइयो ?
➔ महिलाहरुलाई कतिवटा वैकल्पिक ठाउं देखाइयो ?
➔ नयां ठाउं अहिलेको घरभन्दा कति टाढा छ ?
➔ महिलाहरुले नयां ठाउं स्वीकार गरे ?
➔ त्यहांबाट विद्यालय र स्वास्थ्य केन्द्र सजिलै पुग्न सकिन्छ ?
➔ नयां ठाउं महिलाहरुले काम वा आयआर्जन गर्ने स्थानबाट नजिक छ ?

प्रमुख रणनीति

➔ स्थान छनौट र हेर्नका लागि लगिने प्रतिनिधिहरु मध्ये कम्तिमा ५० प्रतिशत महिला सहभागी गराउने ।
➔ वैकल्पिक स्थानका बारेमा महिलाहरुको विचार बुझेर त्यसको सूची बनाउने ।
➔ नयां स्थान स्वीकृत गर्नुअघि महिलाहरुले राखेको धारणामा राम्ररी ध्यान दिने ।
➔ सामाजिक सुविधा, जस्तै स्वास्थ्य केन्द्रको आवश्यकतालाई सम्बोधन गर्ने ।
➔ स्थानको विस्तृत विवरण, जस्तै सुरक्षा, ठाउंको पर्याप्तता र उपयोगिता आदिबारे सबै प्रभावित महिलाहरुसंग छलफल गर्ने ।

टिपोट

स्थान छनौटमा महिलाले सुरक्षा, काम गर्ने ठाउँदेखिको दूरी, विद्यालय तथा स्वास्थ्य केन्द्रहरुको निकटतालाई मुख्य ध्यान दिन्छन् ।

आवास

टिपोट

घरको संरचना र ढाँचा तयार पार्दा महिलाहरुको सहभागितालाई प्रोत्साहित गर्ने ।

प्रमुख सवाल

➔ घरको ढांचा र अन्य सुविधाको व्यवस्था गर्दा महिलाहरुको आवश्यकतालाई समेट्नुपर्नेछ ।

प्रमुख प्रश्न

➔ घरको संरचना र ढांचाबारे महिलाहरुसंग परामर्श गरियो ? उनीहरुका विशेष आवश्यकता के/के हुन् ?
➔ महिलाहरुलाई कस्तो किसिमको सहायता चाहिएको छ ?
➔ महिलाहरु सरकारले दिएको पैसा वा सामग्रीबाट आफैं घर बनाउन रुचाउंछन् वा सरकारले नै घर उपलब्ध गराओस् भन्ने चाहन्छन् ?
➔ महिलाहरु घर निर्माणमा केही लगानी गर्न ईच्छुक छन् ?
➔ घर निर्माणका सम्बन्धमा महिलाहरुको चाहनालाई सम्बोधन गर्न कस्तो विधि अपनाइएको छ?
➔ बसोबासको ढांचामा महिलाहरुको सुझाव के छ ?
➔ महिलाहरु एउटै समुदायका व्यक्तिसंग बस्न रुचाउंछन्, जस्तै सामुहिक आवास योजनामा ?

> "घरको संरचना र ढाँचा तयार पार्दा महिलाहरुलाई सहभागी गराउन सकिनेछ । नयाँ ठाउँको पूर्वाधार विकास गर्दा महिलाहरुले पानी र घरायसी इन्धनका स्रोतजस्ता आधारभूत सुविधाहरु सजिलै प्राप्त गर्न सकोस् भनी सुनिश्चित गर्नुपर्नेछ । गरिब महिलाहरु खानेकुरा, घाँस दाउराका लागि धेरैजसो वनमा निर्भर हुन्छन् । यसको पुन:पूर्ति हुनुपर्छ ।" (एडीबी १९९८, पृष्ठ २९)

प्रमुख रणनीति

➔ नयां ठाउंमा घर बनाउन महिलाहरुलाई सहायताको व्यवस्था सुनिश्चित गर्ने ।
➔ बसोबास योजना र त्यसको ढांचा, घरको संरचना र आवश्यक सुविधाहरुको ठाउं छनौटमा महिलाहरुको सुझाव माग्ने र सुझाव दिन प्रोत्साहित गर्ने ।

बासयोग्यता र सुरक्षा

प्रमुख सवाल

➔ नयां ठाउं बासयोग्य छ कि छैन र त्यसको सुरक्षा स्थिति कस्तो छ भन्नेमा महिलाहरु बढी चासो लिन्छन्, किनकी उनीहरुको अधिकांश समय घरमै बित्छ र बालबच्चाहरुको स्याहारसुसार तथा सुरक्षाको जिम्मेवारी पनि उनीहरुकै हुन्छ ।

> पश्चिम बंगालको कलकत्तामा शहरी वातावरणीय सुधारका लागि हालै सञ्चालित आयोजनामा महिलाहरुले पुनर्बासका निम्ति छनौट गरिएको ठाउँ अरु सबै दृष्टिकोणबाट उपयुक्त भए पनि त्यस क्षेत्रमा धेरै अपराधका घटना हुने भएकाले अनपयुक्त रहेको र त्यहाँ बस्नु असुरक्षित हुने कुरा औंल्याएका थिए ।

प्रमुख प्रश्न

➔ नयां ठाउं बासयोग्य र सुरक्षित छ कि छैन भन्ने विषयलाई सम्बोधन गरिएको छ ?
➔ नयां ठाउंमा बाहिरी तत्वहरुबाट हुने हिंसाले महिलाहरुलाई खतरा छ ?
➔ महिलाहरु सुरक्षाप्रति चासो लिन्छन् ?
➔ नयां बसोबासमा महिलाहरुको हिंड्डुलमा बन्देज आउंछ ?

प्रमुख रणनीति

➔ ग्रामीण क्षेत्रमा बसाइसराइं गरिएको छ भने नयां ठाउं पर्यावरणीय रुपमा कमजोर, प्रदूषित वा प्राकृतिक स्रोत-साधनबाट टाढा हुनुहुंदैन ।
➔ नयां ठाउं सुरक्षित र बासयोग्य छ कि छैन भन्ने विषयमा महिलाहरुको विचार बुझ्ने ।

भारत : क्षेत्रीय स्रोत केन्द्र प्रबर्द्धन समाज

घटना विश्लेषण

अवसर दिइयो भने महिलाहरु आफ्नो घर आफैं बनाउन सक्छन् । क्षेत्रीय स्रोत केन्द्र प्रबर्द्धन समाज SPARC (Society for Promotional of Area Resource Centres) ले मुम्बईमा अनौपचारिक रुपले बसोबास गर्ने महिलाहरुलाई संगठित गरेर उठीबास हुनबाट बचायो । महिलाहरुको संगठन महिला मिलन ले त्यसको एक दशकपछि नगरपालिकाको सडकपेटी छेउको जमिनमा ५०० परिवारका

सामाजिक पूर्वाधार

प्रमुख सवाल

- सामाजिक पूर्वाधारमा महिलाहरुको आवश्यकतालाई परम्परा र सुरक्षाले निर्धारण गर्छ वा आफ्ना बालबच्चा, खासगरी छोरीहरुका लागि के कुरा महत्वपूर्ण छ भन्नेमा निर्भर हुन्छ। पानी र घांस दाउराले पनि यसलाई निर्देशित गर्छ।
- सामाजिक पूर्वाधारको मर्मतसम्भारमा धेरैजसो ध्यान दिएको पाईंदैन, जसले समस्या बढाउंछ।

पासिग नदी वातावरणीय तथा पुनर्स्थापन व्यवस्थापन क्षेत्र विकास आयोजना ((फिलिपिन्स) मा ऋणबाट बचेको रकम सरकारले पुनर्वास क्षेत्रमा सामाजिक पूर्वाधार निर्माण गर्न प्रयोग गऱ्यो, जस्तै विद्यालय, शिशु स्याहार केन्द्र, स्वास्थ्य केन्द्र, बहुउद्देश्यीय सभाकक्ष र मनोरञ्जनका सुविधाहरु।

प्रमुख प्रश्न

- महिलाहरुले कस्तो पूर्वाधारको आवश्यकता पहिचान गरेका छन् ?
- सामाजिक पूर्वाधारका सम्बन्धमा महिला तथा केटाकेटीहरुलाई कस्तो सेवाको आवश्यकता होला ?
- स्थान र सेवालाई कसरी सुव्यवस्थित राख्न सकिन्छ ?

लागि घर निर्माण सुरु गऱ्यो। यसको लागत घटाउन महिलाहरुले ईट्टा तथा घर प्लास्टर गर्नका लागि आड दिने काठहरु आफैं तयार पार्नुका साथै ५० वटा छ एकाईका दुई तल्ले घर बनाउन चाहिने अर्धदक्ष श्रम उपलब्ध गराइरहेका छन्। त्यही समूहलाई हालै दिइएको जग्गामा महिलाहरुले मुम्बई समूहको सहयोगमा दुई तल्ले एपार्टमेन्ट बनाउन मद्दत गरे।

एसीएचआर, १९९८, बापत १९९९, टिंकर एन्ड समरफिल्ड १९९९।

प्रमुख रणनीति

- स्थान र सेवाको मर्मतसम्भार, जस्तै फोहोरमैला व्यवस्थापन प्रणाली र सरसफाई सुविधाहरुको मर्मतसम्भार, जस्तै सार्वजनिक शौचालय, नुहाउने वा लुगा धुने ठाउं र खानेपानी सुविधाका लागि सामुदायिक प्रणालीको निर्माण सुनिश्चित गर्ने ।
- केटाकेटी खेल्ने चौर, सामुदायिक केन्द्र, फोहोर फाल्ने ठाउं, बिजुली र स्वास्थ्य केन्द्रजस्ता आवश्यकताको पहिचान गर्ने ।

केही आधारभूत आवश्यकताहरुबारे तल चर्चा गरिएको छ :

सरसफाई

प्रमुख सवाल

- उपयोगी र पर्याप्त शौचालय तथा सरसफाई सुविधाको अभावले महिलाहरुलाई बढी असर गर्छ । त्यसैले, यस्ता सुविधाहरुमा उनीहरुको सुझाव संकलन गरेर पुनर्वास योजनामा समावेश गर्नु जरुरी छ ।

प्रमुख प्रश्न

- महिलाहरुका लागि छुट्टै नुहाउने ठाउं/शौचालय सुविधा/लुगाधुने ठाउंको आवश्यकता छ ?
- यी सुविधाहरुका लागि सबभन्दा राम्रो ढांचा र स्थान कुन हो ?
- सामुदायिक शौचालयहरु कहां छन् ? प्रत्येक शौचालय कतिवटा परिवारले प्रयोग गर्छन् ?
- समुदायले आफ्ना शौचालयहरु सुव्यवस्थित राख्ने जिम्मेवारी निर्वाह गर्नु जरुरी छ । यसमा महिलाहरुको भूमिका के हुनेछ ?
- महिलाहरुको सुरक्षा सुनिश्चित गर्न सार्वजनिक ठाउं र शौचालय वरपर बत्ति राख्नुपर्छ ?
- फोहोर व्यवस्थापन र ढल निकासमा के/के संयन्त्र प्रयोग गरिएका छन् र यसमा समुदायको भूमिका के छ ?
- घरभित्र नुहाउने ठाउं छुट्टै हुनेछ वा साझा ठाउं प्रयोग गर्नुपर्नेछ ? प्रत्येक साझा नुहाउने ठाउं कतिजना परिवारले प्रयोग गर्नेछन् ? यी सुविधालाई सुव्यवस्थित राख्न के/कस्ता विधिहरु अपनाइनेछन् ?

प्रमुख रणनीति

- ➔ महिलाहरुसंग परामर्श गरी शौचालय र नुहाउने सुविधाको योजना र ढांचा तयार पार्ने ।
- ➔ यस्ता सुविधाहरुका लागि ठाउं छनौटमा महिलाहरुको विचार लिइनेछ भनी सुनिश्चित गर्ने ।
- ➔ आयोजना अवधिपछि सबै सुविधाहरुको मर्मतसम्भारमा महिला तथा पुरुषलाई प्रतिबद्ध गराउने र संयन्त्र तयार पार्ने ।
- ➔ फोहोरमैला र ढल निकासको व्यवस्थापनको जिम्मेवारी समुदाय र सरकार तथा महिला र पुरुषबीच बांडिनेछ भनी सुनिश्चित गर्ने ।
- ➔ फोहोरमैला र ढल निकासको व्यवस्थापनसम्बन्धी तालिम वा अभिमुखीकरण कार्यक्रममा महिलाहरुलाई पनि सहभागी गराउने ।

शिक्षा

टिपोट

विद्यालयहरु सबैको घरबाट कति टाढा/नजिक छ भनी लेखाजोखा गर्ने ।

प्रमुख सवाल

- ➔ बाध्यात्मक विस्थापनको अवस्थामा आवास र सरसफाईसंगै निःशुल्क र अनिवार्य शिक्षाको सुविधा पनि विकास गर्नुपर्नेछ ।

प्रमुख प्रश्न

- ➔ त्यहां कतिजना स्कुल जाने विद्यार्थीहरु छन् ?
- ➔ अहिले विद्यार्थीहरुले विद्यालय जान कति यात्रा गर्नुपर्छ ?
- ➔ पुनर्स्थापन गरिने ठाउंमा प्राथमिक वा माध्यमिक विद्यालयका सुविधाहरु छन् ?
- ➔ नयां बासिन्दाहरुलाई त्यहां पढ्न कत्तिको सुलभ छ ?
- ➔ ती विद्यालयमा नयां बासिन्दाका केटाकेटीहरु अटाउंछन् ?
- ➔ यदि अटाउंदैनन् भने उनीहरुको पठनपठानको आवश्यकता पूरा गर्न के/के चाहिन्छ ?

प्रमुख रणनीति

- ➔ पठनपाठन र शिक्षाको आवश्यकताको विश्लेषण गर्ने ।
- ➔ शैक्षिक पूर्वाधार उपलब्ध गराइनेछ भनी सुनिश्चित गर्ने । नोट : पूर्वाधार निर्माणको खर्च आयोजनाका प्रबर्द्धकहरुले बेहोर्नु पर्नेछ भने नियमित विद्यालय सञ्चालनको जिम्मेवारी सरकारको हुनेछ ।

स्वास्थ्य

प्रमुख सवाल

- बाध्यात्मक विस्थापनले मानिसलाई अस्वस्थ बनाउनसक्छ । यसले शारिरीक र मानसिक असर पार्नसक्छ । जमिन वा जीविकोपार्जनको नोक्सानीबाट पुरुषको आत्मसम्मानमा चोट पुग्नसक्छ, जसको फलस्वरुप महिला र केटाकेटीहरु माथि हिंसा बढ्नसक्छ ।
- आयोजनाको वातावरणीय प्रभावलाई सुरुदेखि नै व्यवस्थित गरिएन भने यसले पनि विस्थापित व्यक्तिहरुलाई असर पार्नसक्छ । बांधसम्बन्धी आयोजनाहरुले फ्लुरोसिस र सिश्टोसोमियासिस जस्ता रोग फैलाएको पाइन्छ भने थर्मल पावर प्लान्टले क्षयरोग वा ब्रोन्कियल ट्र्याक्टको संक्रमण बढाउनसक्छ ।
- रोकथाम र उपचार दुवै किसिमका स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु जरुरी छ ।
- खानेकुराको स्रोत घट्नु वा नाश हुनाले महिला र केटाकेटीको पोषणमा नराम्रो असर पार्नसक्छ ।

प्रमुख प्रश्न

- त्यस क्षेत्रका महिलामा देखिएका आम रोगहरु के/के हुन् ?
- ती रोगहरु अहिलेको बसोबाससंग सम्बन्धित छन् ?
- स्वास्थ्य सुविधाको अवस्था कस्तो छ ?
- यी सुविधाको स्तर बढाउनु जरुरी छ ?
- नयां ठाउंमा के/कस्ता सुविधाहरु उपलब्ध छन् ?
- त्यो सुविधा नयां बासिन्दाहरुलाई पर्याप्त हुनेछ ?
- पुनर्स्थापन क्षेत्रमा नयां रोगहरु आउने कुनै सम्भावना छ ?
- महिला र बालबालिकाहरुलाई स्वास्थ्य सुविधा लिन कत्तिको सजिलो छ ?

प्रमुख रणनीति

- वर्तमान स्वास्थ्य समस्या र समाधानको लेखाजोखा गर्ने ।
- सरकारको स्वास्थ्य प्रणालीसंग त्यसलाई जोड्ने ।
- महिलाहरुको प्रजनन् स्वास्थ्य सम्बन्धी योजना बनाउने ।
- नयां रोगहरु पत्ता लगाउन अनुगमन संयन्त्र विकास गर्ने ।

- स्वास्थ्य केन्द्रहरुको दूरी र उपलब्धता सुनिश्चित गर्ने ।
- नयां स्वास्थ्य पूर्वाधारलाई सुव्यवस्थित राख्न पर्याप्त बजेट र स्रोत-साधनको विनियोजन सुनिश्चित गर्ने ।

> "महिलाहरु आन्तरिक रुपमा विस्थापित भएपछि घर र समुदायको संरक्षण गुम्ने र परिवारमा विस्थापनको तनाव देखिने हुंदा उनीहरुमा खासगरी लैङ्गिक हिंसाको शिकार हुने जोखिम बढ्छ । यस्ता जोखिमहरुमा शारिरीक तथा यौनजन्य आक्रमण, बलात्कार, घरायसी हिंसा र यौन दुर्व्यवहार, लोग्ने-स्वास्नीको बढ्दो झगडा र श्रीमान्बाट हुने बलात्कार आदि पर्छन् । विस्थापित व्यक्ति, खासगरी महिलाहरुलाई अत्यावश्यक रासन, बसोबास, सुरक्षा, अभिलेखीकरण वा अन्य किसिमको सहायताको बदलामा यौन क्रियाकलापमा संलग्न हुन बाध्य पारिन्छ ।" (फ्रान्किस डेन्ग, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका लागि संयुक्त राष्टभ्र संघीय विशेष प्रतिनिधि)

शिशु स्याहार केन्द्र

प्रमुख सवाल

- परिवारमा छोरीहरुले भाइबहिनीको हेरविचार गर्नुपर्ने हुंदा उनीहरु धेरैजसो विद्यालय जानबाट वञ्चित हुन्छन् । त्यसैले, शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने आवश्यकतामा ध्यान दिनुपर्छ र त्यसमा महिलाहरुलाई नै काममा लगाउनुपर्छ । यस्तो शिशु स्याहार केन्द्रको स्थापनाले केही महिलाहरुका लागि जीविकोपार्जनको स्रोतसमेत उपलब्ध गराउनसक्छ ।

टिपोट

शिशु स्याहार केन्द्रले निम्न उद्देश्यहरु पूरा गर्छ :

- **०-६ उमेरका बालबालिकाको हेरविचार ।**
- **आमाहरु काममा बाहिर जान ।**
- **समुदायका महिलाहरु लाई स्व-रोजगार उपलब्धि ।**

प्रमुख प्रश्न

- ०-६ वर्षका केटाकेटीहरु कतिजना छन् ?
- शिशु स्याहारसम्बन्धी के/कस्ता व्यवस्था छन् ?
- उनीहरुलाई विस्थापनले प्रभाव पार्छ ? कसरी ?
- हाल शिशु स्याहार र तिनको लालनपालनका लागि अपनाइएका परिपाटीहरु के/के हुन् ?
- मानिसहरु यसको विकल्प खोज्न ईच्छुक छन् ?
- महिलाहरु आफ्ना बालबालिकालाई शिशु स्याहार केन्द्रमा राख्न चाहन्छन् ?
- समुदायका महिलाहरु शिशु स्याहार केन्द्र खोल्न वा त्यसको व्यवस्था मिलाउन ईच्छुक छन् ?
- महिलाहरु शिशु स्याहार सुविधाका लागि शुल्क तिर्न तयार छन् ?

प्रमुख रणनीति

- ➔ शिशु स्याहार केन्द्रको आवश्यकता लेखाजोखा गर्ने ।
- ➔ शिशु स्याहार केन्द्रलाई सहायता र जिम्मेवारी वहन गर्न महिलाहरुको ईच्छा लेखाजोखा गर्ने ।
- ➔ चालू भइरहेका सरकारी कार्यक्रम र योजनाहरु नियाल्ने ।

संक्रमणकालका सवालहरु

प्रमुख सवाल

- ➔ केही महिलाहरुलाई यातायात र आवागमनमा विशेष सहायता आवश्यक पर्नसक्छ ।
- ➔ पुरानो घर भत्काएर नयांमा पुनर्स्थापित हुंदासम्मको संक्रमणकालीन अवधि अत्यन्तै महत्वपूर्ण हुन्छ ।
- ➔ नयां ठाउंमा गरिएको अस्थायी व्यवस्थामा महिला र केटाकेटीहरुलाई सरसफाई, खानेपानी सुविधा र विद्यालयजस्ता आधारभूत आवश्यकताहरु धेरैजसो उपलब्ध हुंदैनन् ।

प्रमुख प्रश्न

- ➔ महिलाहरुसंग यातायात र आवागमनमा परामर्श गरियो ?
- ➔ यातायात सुविधा उपलब्ध गराइएको छ ? महिलाहरु यातायात व्यवस्थाबारे सचेत छन् ?
- ➔ यातायातमा विशेष सहायता आवश्यक पर्नसक्ने महिला र अन्य जोखिमयुक्त समूहहरु पहिचान गरिएका छन् ?
- ➔ महिला घरमूली भएका परिवार र वृद्धहरुलाई पुरानो घर भत्काएर नयांमा बसोबास गर्न पर्याप्त समय दिइएको छ ?
- ➔ संक्रमणकालीन अवधिमा आधारभूत सुविधा र केटाकेटीहरुलाई विद्यालयमा पहुंच सुनिश्चित गर्न के/कस्ता व्यवस्था गरिएका छन् ?

प्रमुख रणनीति

- ➔ एकल, गर्भवती र वृद्ध महिला तथा महिला घरमूली भएका परिवारलाई यातायात सहायताको व्यवस्था गर्नुपर्नेछ ।
- ➔ संक्रमणकालीन अवधिलाई सहज र कष्टरहित तुल्याउन बसोबासको ठाउं र अस्थायी घरहरुमा आधारभूत सुविधाको सरल पहुंच छ भनी सुनिश्चित गर्ने ।
- ➔ परिवारहरु एकैचोटि सर्छन् भनी सुनिश्चित गर्ने ।

क्षतिपूर्ति

टिपोट

लोग्ने-स्वास्नी दुवैका नाममा पारदर्शी ढंगले क्षतिपूर्ति वितरण सुनिश्चित गर्ने ।

प्रमुख सवाल

- प्रभावित व्यक्तिहरु क्षतिपूर्ति रकम तुरुन्तै खर्च गरेर गरिब भएको विगतको अनुभवले संकेत गरेको छ ।
- क्षतिपूर्ति रकम परिवारको पुरुष घरमूलीलाई दिएको खण्डमा धेरैजसो महिला र केटाकेटीहरुको आवश्यकता पूरा हुदैन ।
- प्रभावित व्यक्तिहरुलाई बैंक खातामा क्षतिपूर्ति रकम दिनुपर्ने हुनसक्छ ।

प्रमुख प्रश्न

- क्षतिपूर्ति भुक्तानीका सम्बन्धमा महिलाहरुको विचार के छ- नगद, बैंक खाता वा चेक ?
- संयुक्त नाममा क्षतिपूर्ति दिनेबारे विचार गरिएको छ ?
- महिलाहरुसंग क्षतिपूर्ति प्राप्त गर्न आफ्नो नाममा बैंक वा हुलाक खाता छ ?
- महिलाहरुको आफ्नै बैंक खाता छ भनी सुनिश्चित गर्ने प्रावधानहरु छन् ?
- संयुक्त नाममा क्षतिपूर्ति दिन पुरुषहरुसंग परामर्श गरिएको छ ?
- महिलाहरुलाई छुट्टै नगद क्षतिपूर्ति दिने सम्भावना छ ?
- महिलाहरुलाई क्षतिपूर्ति वा अन्य नगद सहायता संयुक्त नाममा दिंदा वा पूरै उनीहरुलाई दिंदा तलमाथि हुनसक्छ ? यसलाई कसरी कम गर्न सकिन्छ ?

टिपोट

सम्भव भएसम्म क्षतिपूर्ति नगदमा नदिने ।

प्रमुख रणनीति

- लोग्ने-स्वास्नी दुवैका नाममा पारदर्शी ढंगले क्षतिपूर्ति वितरण सुनिश्चित गर्ने ।
- आयोजनाका अधिकारीहरुले प्रभावित व्यक्तिहरुको बैंक खाता छ भनी सुनिश्चित गर्नुपर्नेछ । यदि छैन भने उनीहरुलाई बैंक खाता खोल्न सहयोग गर्ने ।

खेतालाको हक सुनिश्चित गर्ने

टिपोट

पुनर्बास क्षेत्रमा कुनै पनि अनुदान वा जमिनको स्वामित्वका लागि लोग्ने-स्वास्नी दुवैको नाम समावेश गर्ने ।

प्रमुख सवाल

➔ स्वामित्वको सुरक्षा एक महत्वपूर्ण सवाल हो । विस्थापित महिलाहरु अधिकारबाट वञ्चित हुनसक्ने भएकाले उनीहरुलाई यो अझ महत्वपूर्ण हुन्छ । एकल महिला, विधवा र महिला घरमूली भएको परिवारलाई अन्य सदस्यहरुले जमिन र सम्पत्तिको अधिकारबाट वञ्चित तुल्याउन सक्छन् ।

प्रमुख प्रश्न

➔ पुनर्बासको निम्ति दिइएको जमिनमा स्वामित्व प्रदान गरिएको छ वा त्यो कबुलयती हो ?
➔ महिलाहरुलाई नयां जमिन र घरको स्वामित्वबारे सूचित गरिएको छ ?
➔ आयोजनाले अधिकरण गरेको जमिन/सम्पत्तिमा स्वामित्व नभएका महिलाहरुका लागि के प्रावधान छन् ?

शहरी क्षेत्रमा ऐलानी जग्गामा बसोबास गर्नेहरुलाई स्वामित्वको अभावले जोखिम पुऱ्याएको हुन्छ । यस्तोमा महिला र पुरुष दुवै उत्तिकै जोखिममा हुन्छन् । त्यसैले, स्थानान्तरण गर्दा औपचारिक अधिकार प्रदान गर्ने प्रयास गर्नुपर्नेछ ।

प्रमुख रणनीति

➔ लोग्ने-स्वास्नी दुवैले संयुक्त रुपमा जमिन वा घरको स्वामित्व वा कबुलयतीमा लिनु उचित हुन्छ ।
➔ महिला घरमूली भएका परिवार र उनीहरुसंगै बस्ने युवा छोराहरु भएका विधवा महिला (तिनलाई छुट्टै परिवार नमानेको अवस्थामा) का लागि महिलाको नाममा स्वामित्व वा कबुलयती अधिकार सुनिश्चित गर्ने ।
➔ अधिकार हस्तान्तरण गर्दा लैङ्गिक-सम्वेदनशीलता सुनिश्चित गर्ने ।

आयको पुनर्निर्माण

प्रमुख सवाल

- महिलाहरुका आवश्यकता र समस्या पुरुषको भन्दा फरक हुनसक्छ। खासगरी सामाजिक सहयोग, सेवा, रोजगार र जीविकोपार्जनको आवश्यकतामा भिन्नता पाइनसक्छ। जस्तै : नयां ठाउंमा सारिएका महिलाले आवागमनको अभाव र अशिक्षाका कारण आफ्ना घरेलु उत्पादन वा साना व्यापारिक वस्तुको बजार पुनर्स्थापित गर्न पुरुषभन्दा बढी समस्या झेल्नुपर्ने हुनसक्छ।
- आयको पुनर्निर्माण कार्यक्रमले लैङ्गिक सरोकारका सवालहरुलाई राम्ररी सम्बोधन गर्नुपर्नेछ।

> "विस्थापन प्रक्रियामा महिलाहरुले निर्वाह गरिआएको घर चलाउने जिम्मेवारी (जस्तै : घांस दाउरा ल्याउने, पानी ओसार्ने, बालबच्चाको स्याहारसुसार) लाई पुरुषको जिम्मेवारीसंग तुलना गर्दा धेरै आघात पर्नसक्छ। पुनर्स्थापनपछि उनीहरुको अवस्थामा सुधार गर्न नसके पनि पुरानै ठाउंमा कायम राखिनुपर्छ ..... महिलाहरुले परिवारको पुनर्स्थापन र आर्थिक सम्बन्ध बढाउनमा ठूलो भूमिका निर्वाह गर्छन् भन्नेमा म विश्वस्त छु, जबकि पुरुषहरु परिवर्तन र विस्थापनको चोटमा अभ्यस्त हुंदै जान्छन्।" (अनिता अग्निहोत्री, पूर्व निर्देशक, पुनर्वास र पुनर्स्थापन निर्देशनालय, उडिसा सरकार)

प्रमुख प्रश्न

- महिलाहरुले घरखर्चमा सहयोग पुऱ्याउंछन् ?
- विस्थापित हुनुअघि महिलाहरुको आयस्तर कस्तो थियो ?
- महिलाहरुको आम्दानीका स्रोत के/के हुन् ?
- यस्ता आयस्रोतलाई आयोजनाले कस्तो प्रभाव पार्छ ?
- कतिजना महिलाले आफ्नो जीविकोपार्जनका स्रोत गुमाउनेछन् ?
- महिलाहरुलाई ग्रामीण जीविकोपार्जन शैलीबाट एक्कासी बाली/रोजगारीमा परिवर्तन गराइंदैछ ?
- यस्तो परिवर्तनले जीविकोपार्जनमा कस्तो प्रभाव पार्छ ?
- जीविकोपार्जनमा प्रभाव पार्नसक्ने माध्यमहरु के/के हुन् ? जीविकोपार्जनको स्रोत पूरै नोक्सान हुन्छ वा आम्दानीमात्र घट्छ ?
- नयां ठाउंमा आयआर्जनका लागि त्यस्तै वा वैकल्पिक अवसर उपलब्ध हुन्छ ?
- महिलाहरुको दक्ष शीप/तालिम कस्तो छ ?
- महिलाहरुको शीप अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ ? यसका लागि सुविधा उपलब्ध छन् ?

प्रमुख रणनीति

टिपोट

महिलाहरुलाई आयको पुनर्निर्माण कार्यक्रम तयार पार्दा सुरुमा घरायसी आम्दानीमा उनीहरुको योगदानलाई कदर गर्नुपर्छ ।

- ➔ महिलाहरुको हालको जीविकोपार्जनका स्रोत र आयआर्जनलाई संरक्षण गर्ने प्रयास गर्नुपर्छ । सैद्धान्तिक रुपमा हालको आम्दानी बढाउने अवसरहरुको खोजी गर्नुपर्छ ।
- ➔ जीविकोपार्जन स्रोत र आम्दानीमा नोक्सानी भए पुनर्स्थापित गर्नुपर्नेछ ।
- ➔ महिलाहरुलाई आय पुनर्निर्माणमा सहयोग गर्न शीपमूलक तालिमको आवश्यकता लेखाजोखा गर्ने ।
- ➔ आयोजनाका माध्यमबाट सिर्जना हुने कुनै पनि रोजगारका अवसर हासिल गर्ने कार्यमा महिलालाई सहभागी गराउन ध्यान दिने ।
- ➔ पुनर्बास योजनामा समावेश गरिएका कुनै पनि नयां तालिम कार्यक्रममा महिलालाई सहभागी गराउने ।
- ➔ महिलाहरुलाई उपयोगी समूह तथा लघुवित्त योजनामा आबद्ध गराउने अवसरहरुको खोजी गर्ने ।
- ➔ महिलाहरुलाई कुनै पनि चालू भइराखेको सरकारी रोजगारीमा आबद्ध गराउन आवश्यक प्रावधानको व्यवस्था गर्ने ।

श्रीलंका महवेली सिंचाइ योजना

घटना विश्लेषण

श्रीलंकाको महवेली सिंचाइ योजनामा सिंहाली दम्पत्तिलाई छुट्टयाइएको जमिन पुरुष घरमूलीको नाममा दर्ता गरियो । नयां व्यवस्थाले परिवारलाई उत्तराधिकारी चयन गर्न दिन्थ्यो, तर छोरा छन् भने उसैलाई उत्तरधिकारी बनाउंथ्यो । यसले त्यस क्षेत्रको दुईपक्षीय उत्तराधिकारसम्बन्धी नियमलाई हानी पुऱ्यायो, जसले महिलाहरुलाई जमिनमा स्वामित्व र अधिकार दिलाएको थियो । महवेली योजनामा सम्बन्धविच्छेद भएका महिलाहरु जमिनबाट जीविकोपार्जन गर्न वञ्चित भयो । सिंचाइ योजनाको करिब ८६ प्रतिशत जमिन पुरुषको नाममा बांडफांड गरियो । जमिन प्राप्त गरेका १६ महिलामध्ये दुई जनामात्र (एकजना विधवा र अर्को परिवारसंग छुट्टिएका) आयोजना क्षेत्रमा बसोबास गर्नुका साथै जमिनको रेखदेख गर्थे ।

(स्क्रिजभर्स, अग्रवाल १९९४ मा, पृष्ठ २९०)

संस्थागत मामिलाहरु

क्षतिपूर्ति, आय पुनर्निर्माण र पुनर्स्थापन कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि उपयुक्त अधिकारप्राप्त निकाय सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ र यसलाई आयोजना तयारीका क्रममा जतिसक्दो छिटो पहिचान गर्नुपर्छ ।

सांस्कृतिक अवरोध र सरकारी प्रशासनमा पहुंचको अभावले औपचारिक संस्थामा महिलाहरुको सक्रिय सहभागिता कम छ । त्यसैले, महिलाहरुको सहभागिता बढाउन उपयुक्त संयन्त्रको स्थापना सुनिश्चित गर्नु अत्यावश्यक छ । निर्णय लिने प्रक्रियामा महिलाहरुको स्थायी सहभागिता राजनैतिक प्रतिबद्धतामा निर्भर छ ।

संस्थागत क्षमता

यसका लागि तीनवटा तहमा विचार पुऱ्याउनुपर्नेछ :

- आयोजनाका अधिकारी
- स्थानीय सरकार
- समुदाय

प्रमुख सवाल

➔ पुनर्बास र पुनर्स्थापन कार्यक्रम कार्यान्वयन गर्न जिम्मेवार कार्यकारी निकायमा लैङ्गिक तथा विकास (GAD) क्षमता पर्याप्त नहुनु ।

➔ आयोजनाको स्थायित्व सुनिश्चित गर्न स्थानीय सरकारलाई कार्यान्वयनमा सहभागी गराउनुपर्नेछ र स्थानीय सरकारसंग उपयुक्त लैङ्गिक तथा विकाससम्बन्धी संस्थागत क्षमता हुनपर्नेछ ।

➔ पुनर्बास योजना, कार्यान्वयन र अनुगमनमा प्रभावित व्यक्तिहरुको संलग्नता र सहभागितालाई सुनिश्चित गर्न आवश्यक संयन्त्र र विधि स्थापना गर्नु जरुरी छ । यसका लागि निर्वाचित समिति वा प्रतिनिधिमूलक समूह उपयुक्त हुनसक्छ ।

प्रमुख प्रश्न

- हालका संस्थागत नीतिहरु लैङ्गिक रुपमा सम्वेदनशील छन् ?
- लैङ्गिक सरोकारका सवालहरुलाई सम्बोधन गर्नमा कार्यकारी निकाय, स्थानीय सरकार वा सम्बन्धित निकायका अधिकारीहरुको प्रतिबद्धता र अनुभव के छ ?
- यस्ता संस्थाहरुमा प्रगति अनुगमन गर्ने क्षमता छ ?
- पुनर्बाससम्बन्धी योजनाको लैङ्गिक पक्ष कार्यान्वयन गर्नमा स्थानीय सरकारको प्रतिबद्धता के छ ?
- लैङ्गिक तथा विकासका सम्बन्धमा कुनै विशेषज्ञता छ ?
- यससम्बन्धी तालिम वा क्षमता अभिवृद्धि आवश्यक छ ?
- कर्मचारीहरुको संख्यामा पुरुष/महिलाको अनुपात कस्तो छ ?
- लैङ्गिक प्रयासहरुका लागि बजेट तयार पारिएको छ ?

प्रमुख रणनीति

- कार्यान्वयन निकायमा लैङ्गिक तथा विकास (GAD) र गरिबी निवारणको क्षमता सुनिश्चित गर्ने ।
- यदि छैन भने लैङ्गिक तथा विकाससम्बन्धी क्षमता विकासका लागि योजना बनाउने ।
- कर्मचारीहरुमा महिला र पुरुषको संख्या बराबरी बनाउन प्रोत्साहित गर्ने ।
- सबै समितिहरुमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- आयोजनामा लैङ्गिक विशेषज्ञ समावेश गर्ने ।
- पुनर्बासको कार्यान्वयनमा सहयोग गर्न नियुक्त गरिएको कुनै पनि गैर-सरकारी संस्था (गैसस) मा लैङ्गिक सम्वेदनशीलता र अनुभव तथा जोखिमपूर्ण समूहको समस्या समाधान गर्ने क्षमता छ भनी सुनिश्चित गर्ने ।
- गैसस समूहमा महिला कर्मचारी राख्नुपर्छ ।

संस्थागत व्यवस्थाले निम्न विषयहरु सुनिश्चित गर्नुपर्छ :

- हालको लैङ्गिक असमानता वा भेदभाव बढाउने छैन,
- असमानतालाई सम्बोधन गर्न लचिलो विकल्प सिर्जना गर्ने,
- महिलाहरुका लागि अवसर विस्तार गर्न प्रक्रिया सुरु गर्ने,
- सबै तहमा महिला प्रतिनिधिहरुलाई सहभागी गराउने ।

गुनासो निवारण संयन्त्र

गुनासो निवारण संयन्त्र सामान्यतया दुई किसिमका हुन्छन् : जमिन अधिकरण र क्षतिपूर्तिका सम्बन्धमा अदालतमा दिइने औपचारिक उजुरी वा पुनर्बाससम्बन्धी विवाद समाधानका लागि स्थानीय स्तरमा गठित गुनासो निवारण समिति (GRCs)। समितिका कार्य विधिहरुलाई औपचारिक रुप दिएर पुनर्बास योजनामा स्पष्ट व्यवस्था गर्नुपर्नेछ।

प्रमुख सवाल

- ➔ औपचारिक कानुनी संरचना महिलाविपरीत हुनसक्छ, किनकी उनीहरु सामान्यतया औपचारिक संस्थाबारे अनभिज्ञ हुन्छन्।
- ➔ लैङ्गिक सरोकारका सवाललाई सम्बोधन गर्न गुनासो निवारण समिति राम्ररी गठन गर्नुका साथै महिलाहरुलाई विशेष सेवा प्रदान गर्ने संयन्त्र समावेश गर्नुपर्छ।

प्रमुख प्रश्न

- ➔ गुनासो निवारण संयन्त्रले लैङ्गिक सरोकारका सवाललाई राम्ररी सम्बोधन गर्छ ?
- ➔ गुनासो निवारण समिति लैङ्गिक रुपमा सम्वेदनशील छ ?
- ➔ यसले महिलाहरुले झेल्नुपर्ने समस्यामा ध्यान दिन्छ ?
- ➔ गुनासो निवारण समिति वा सम्बन्धित समूहमा महिला सदस्यहरु छन् ?

प्रमुख रणनीति

- ➔ प्रस्तावित गुनासो निवारण संयन्त्रको संरचनाबारे महिलाहरुसंग छलफल गर्ने।
- ➔ महिलाहरुले यो संयन्त्र सजिलै प्रयोग गर्नसक्छन् ?
- ➔ औपचारिक वा अनौपचारिक स्तरका कुनै पनि गुनासो निवारण समिति वा सम्बन्धित समूहमा महिलाहरुको उपस्थितिलाई सुनिश्चित गर्ने।
- ➔ गुनासो निवारण समितिका अधिकारीहरुलाई लैङ्गिक सम्वेदनशीलताबारे तालिम दिने ।
- ➔ महिलाहरुलाई सामान्यतया कानुनी संयन्त्रमा पहुंच पाउन गाह्रो हुने हुंदा सम्भव भएसम्म अदालत जानु नपर्ने विधिहरुको व्यवस्था गर्ने।

वित्तीय लगानी

पुनर्बास र पुनर्स्थापन कार्यक्रमको सफलता सुनिश्चित गर्न सामुदायिक लगानी आवश्यक पर्ने क्षेत्रहरु पहिचान गर्ने, जस्तै : सामुदायिक सुविधाहरुको मर्मतसम्भारका लागि त्यस्ता सुविधाहरुमा सुधार ल्याउन समुदायको वित्तीय लगानी गर्ने ईच्छा पहिचान गर्ने । खानेपानी र सरसफाई, फोहोरमैला व्यवस्थापन तथा बहुउद्देश्यीय सामुदायिक भवनजस्ता सामाजिक पूर्वाधारको सञ्चालन र मर्मतसम्भारका लागि संयुक्त लगानी सान्दर्भिक हुनसक्छ ।

पुनर्बास बजेट

पुनर्बास बजेटले महिला तथा बालबालिकाका लागि स्पष्टसंग रकम नतोकेसम्म त्यस्तो रकम उपलब्ध नहुनसक्छ ।

प्रमुख प्रश्न

- ➔ पुनर्बास योजनाले लैङ्गिक रुपमा लक्षित कार्यहरुका लागि आवश्यक वित्तीय स्रोतको पहिचान गरेको छ ?
- ➔ लैङ्गिक सरोकारका सवालहरुलाई सम्बोधन गर्ने प्रावधानहरु बजेटमा समावेश गरिएका छन् ?

प्रमख रणनीति

- ➔ पुनर्बास बजेटमा लैङ्गिक सवालसम्बन्धी कार्यहरु सञ्चालन गर्न पर्याप्त रकमको व्यवस्था गर्ने ।
- ➔ सम्भव भए लैङ्गिक सरोकारलाई सम्बोधन गर्न छुट्टै बजेटको व्यवस्था गर्ने ।
- ➔ महिलाहरुको चाहना र आवश्यकता पूरा गर्न छुट्टै बजेट उपलब्ध गराउन प्रयास गर्ने ।
- ➔ महिलाहरुको आवश्यकता सम्बोधन गर्न बजेट विनियोजन गरिएको छ भनी उनीहरुलाई सचेत तुल्याउने ।
- ➔ खर्चको हिसाबकिताब राम्ररी राख्नुका साथै प्रभावकारी ढंगले उपयोग भएको छ भनी सुनिश्चित गर्ने ।

अनुगमन र मूल्यांकन

पुनर्बास योजनालाई दुई तहमा अनुगमन गर्नुपर्नेछ : १) आयोजनाका अधिकारीहरुले (आन्तरिक र बाह्य), र २) समुदायले प्रभावित व्यक्ति तथा गैससहरुलाई सहभागी गराएर ।

प्रमुख सवाल

- अनुगमन र मूल्यांकन (M&E) को परिसूचक बनाउंदा लैङ्गिक रुपले छुट्टिने प्रश्न तथा परिसूचक समावेश गर्नुपर्नेछ । अनुगमन र मूल्यांकन आयोजनाका अधिकारी, बाह्य अनुगमनकर्ता र समुदायबाट संयुक्त रुपमा गर्नुपर्छ ।

प्रमुख प्रश्न

- अनुगमन र मूल्यांकन परिसूचकले महिलाहरुको जीविकोपार्जन पुनर्स्थापन, सुरक्षा, बसोबास र यस स्मरणसूचीमा सम्बोधन गरिएका अन्य लैङ्गिक सवालहरु समावेश गरेका छन् ?
- नियुक्त गरिएका निकायहरु लैङ्गिक सम्वेदनशील छन् ?
- लैङ्गिक सरोकारका सवालहरुलाई सम्बोधन गर्न बजेट पर्याप्त छ ?
- प्रारम्भिक तथ्यांक लैङ्गिक रुपले छुट्टिने हुनुपर्छ ?
- सहभागितामूलक अनुगमनका लागि उपयुक्त संयन्त्र विकास गरिएको छ र यसमा महिलाहरु संलग्न छन् ?
- सुपरीवेक्षण परामर्शदाताका निर्देशित शर्तहरुमा लैङ्गिक सरोकारका सवाल समावेश छन् ?

टिपोट

महिलाहरुलाई के/कस्तो प्रभाव पाऱ्यो भनी छुट्टै अनुगमन र मूल्यांकन गर्ने ।

प्रमुख रणनीति

- योजना तर्जुमा, ढांचा र अनुगमन तथा मूल्यांकनको कार्यान्वयनमा महिला सहभागितालाई प्रबर्द्धन गर्ने ।
- आयोजना र समुदाय दुवै तहको संस्थागत संयन्त्रमा महिला सहभागितालाई सुनिश्चित गर्ने ।
- अनुगमन र मूल्यांकनमा महिलाका सुझावहरु समेट्ने ।
- सामुदायिक संयन्त्रमा महिलाहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- परामर्शदाताहरुको निर्देशित शर्तमा लैङ्गिक सवाललाई समावेश गर्ने ।
- समीक्षा टोलीले लैङ्गिक पक्षहरुको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

अन्तर्राष्ट्रिय दस्तावेज

कार्य मञ्च र बेइजिङ्ग घोषणापत्र
चौथो विश्व महिला सम्मेलन, बेइजिङ्ग,
जनवादी गणतन्त्र चीन
४-१५ सेप्टेम्बर १९९५

"संयुक्त राष्ट्र संघको दीगो विकास आयोग तथा अन्य उपयुक्त निकायका विभिन्न कार्य र अन्तर्राष्ट्रिय वित्तीय संस्थाका गतिविधिहरुमा लैङ्गिक प्रभावलाई ध्यान दिने ।" (अनुच्छेद २५४-क)

"पारिवारिक विभाजन, शहरी र ग्रामीण जनसंख्याको आवतजावत, अन्तर्राष्ट्रिय बसाइसराइं, युद्ध र आन्तरिक विस्थापनले महिलाहरुलाई परिवारको घरमूली बन्न बाध्य तुल्याएका छन् ।" (अनुच्छेद २१)

"आर्थिक स्रोत-साधनमा महिलाको समान अधिकार र पहुंच सुनिश्चित गर्न कानुन तथा प्रशासनिक प्रचलनहरु संशोधन गर्ने ।" (आइटम ए२)

"योजना तर्जुमा र मूल्यांकनका लागि पुरुष र महिलाको छुट्टाछुट्टै तथ्यांक र तथ्यहरु विकास गर्ने ।" (आइटम एच३)

"ग्रामीण तथा शहरी क्षेत्रमा वातावरणीय रुपले उपयुक्त र दीगो स्रोत व्यवस्थापन संयन्त्र, उत्पादन विधि तथा पूर्वाधार विकासको ढांचा तयार पार्न, कार्यान्वयन गर्न र अरु काममा लैङ्गिक अवधारणालाई समेट्ने उपाय अवलम्बन गर्ने ।"

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव हटाउने महासन्धि, १९७९

महिलाविरुद्ध भेदभाव हटाउने समितिले उल्लेख गरेको छ, "राज्य/समूहले ग्रामीण क्षेत्रमा महिलाविरुद्ध हुने भेदभाव हटाउन सबै उपयुक्त माध्यमहरु अपनाउनेछ र महिला तथा पुरुषहरु समान रुपले ग्रामीण विकासमा सहभागी भई लाभान्वित हुन्छन् भनी सुनिश्चित गर्नेछ । यसैगरी, महिलाहरुलाई घर, सरसफाई, विद्युत् र खानेपानी, यातायात र सञ्चारजस्ता सुविधा प्रदान गरी राम्रो जीवनयापन गर्ने अधिकार सुनिश्चित गर्नेछ ।"

समितिले जमिनमा महिलाको पहुंच, स्वामित्व र उत्तराधिकारसम्बन्धी समान अधिकारका लागि आफ्नो ध्यान केन्द्रित गरेको छ, किनकी ग्रामीण महिलाहरुको अवस्थामा प्रभाव पार्ने प्रमुख कारण यिनै हुन् । ग्रामीण अर्थतन्त्रमा विश्वव्यापीकरण तथा समष्टिगत आर्थिक नीतिहरुको नकारात्मक प्रभाव, खासगरी बजार संयन्त्रारा जमिन वितरणप्रति चिन्ता व्यक्त गरिएका छन् । जमिनमा महिला र पुरुषलाई समान कानुनी अधिकार प्रदान गर्ने मुलुकहरुमा पनि चलिआएको पक्षपातले कानुनको कार्यान्वयनमा अवरोध सिर्जना हुनसक्ने चेतावनी समितिले दिएको छ ।

भत्ता, घर निर्माण कर्जाजस्ता विभिन्न सरकारी योजना र कर्जामा पहुंच तथा कामदारहरुलाई बसोबासको व्यवस्था गर्दा महिलालाई समान व्यवहार गर्नुपर्ने आवश्यकतामा समितिले ध्यान दिएको छ । समितिले ग्रामीण महिलाहरुको आवश्यकतामा पूर्ण ध्यान दिन तथा महिला घरमूली र तिनको परिवारलाई स्वास्थ्य र सामाजिक सेवामा पहुंच, आयमूलक आयोजना र घरजस्ता क्षेत्रमा लाभान्वित तुल्याउने खालका सबै नीति तथा कार्यक्रमको ढांचा, कार्यान्वयन र अनुगमनमा सक्रिय र सहभागितामूलक भूमिका सुनिश्चित गर्न राज्य/समूहलाई प्रोत्साहित गर्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले सन् १९९० मा सम्पन्न चौथो बैठकमा उचित बसोबासको अधिकारसम्बन्धी विषयमा एक दिने छलफल गरेको थियो भने सन् १९९१ डिसेम्बरमा भएको छैठौं बैठकमा समितिले उचित बसोबासको अधिकारमाथि टिप्पणी संख्या ४ स्वीकृत गऱ्यो । टिप्पणी संख्या ४ ले अधिकारको समग्र अवधारणा र उचित बसोबासका उपलब्धिहरु दुवैलाई प्रतिविम्बित गर्छ । समितिले बसोबासको अधिकारलाई संकुचित रुपमा परिभाषित नगर्न वा यसलाई "शिरमाथिको छत वा ..... एउटा वस्तुका रुपमा मात्र नलिएर सुरक्षित, शान्तिपूर्ण र आत्मसम्मानका साथ बांच्ने अधिकारका रुपमा हेर्न राज्य/समूहलाई निर्देशित गरेको छ ।" (अनुच्छेद ७)

यस्तो वृहत् परिभाषाका आधारमा टिप्पणी संख्या ४ ले "उचित" बसोबास अधिकारका सातवटा पक्षहरु पहिचान गरेको छ : क) जर्बजस्ती घरबाट निकालिनुविरुद्ध कानुनी सुरक्षालगायत भाडामा बस्नेको कानुनी सुरक्षा, ख) सेवा, सुविधा र पूर्वाधारको उपलब्धता, ग) मुनासिब लागत, घ) बासयोग्य, ङ) पिछडिएका समूहहरु सजिलै पुग्नसक्ने, च) स्थान, र छ) सांस्कृतिक ढगले उचित । (अनुच्छेद ८)

सन् १९९७ मा सम्पन्न १६ औं बैठकमा समितिले टिप्पणी संख्या ७ लागू गऱ्यो । यसमा घरबाट जर्बजस्ती निकालिनुको परिभाषाले "व्यक्ति, परिवार र/वा समुदायलाई कानुनी वा अन्य सुरक्षाको व्यवस्था नभई उनीहरुको ईच्छाविपरीत घर र/वा जमिनबाट स्थायी वा अस्थायी रुपले हटाउने" विधिलाई जनाउंछ । (अनुच्छेद ३) टिप्पणी संख्या ७ मा राज्य/समूहले सम्झौताको दफा २.१ अनुरुप "सबै उपयुक्त माध्यम" अपनाउनुपर्ने दायित्वलाई स्पष्ट पारिएको छ । यसमा जर्बजस्ती घरबाट निकालिनुविरुद्धको कानुन प्रभावकारी सुरक्षा प्रणाली निर्माण गर्ने अत्यावश्यक आधार हो" भन्ने उल्लेख छ ।

वृद्धहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी टिप्पणी संख्या ६ (१३ औं बैठक, सन् १९९५) ले ".....वृद्धहरुका लागि बसोबासको व्यवस्था गर्दा त्यसलाई आश्रयस्थलका रुपमा भन्दा फराकिलो ढंगले लिनुपर्ने र भौतिक सुविधाका अतिरिक्त मानसिक तथा सामाजिक महत्वमा पनि विचार पुऱ्याउनुपर्ने" जोड दिएको छ । (अनुच्छेद ३२)

१ प्रतिवेदन ई/१९९२/२३ मा समावेश छ । यो मानव अधिकारका लागि उच्चायुक्तको कार्यालय (OHCHR) को वेबसाइटमा पनि उपलब्ध छ ।

२ प्रतिवेदन ई/१९९८/२२ को अनुसूची ४ मा समावेश छ । यो OHCHR को वेबसाइटमा पनि उपलब्ध छ ।

सन्दर्भ–सामग्री

Agarwal, B. 1994. A Field of One's Own. Gender and Land Rights in South Asia. Cambridge: Cambridge University Press.

Agnihotri, Anita. 1998. The Orissa Resettlement and Rehabilitation of Projects Affected Person's Policy. In A.B. Ota and R.N. Mohanty (eds). Development Induced Displacement and Rehabilitation. Bhubaneswar: Prachi Prakashan.

Asian Centre for Housing Reform (ACHR). 1998. E-News No. 13, Monday 19 January. Available: to her Maurice@ksc9.th.com.

Asian Development Bank (ADB). 1998. Handbook on Resettlement: Guide to Good Practice. Manila: ADB

Bapat, Meera. 1999. Women and Housing: A Training Manual. In Irene Tinker and Gale Summerfield (eds). Women's Rights To House and Land: China, Laos, Vietnam. London: Lynne Rienner Publishers.

Ganguly Thukral, E. 1992. Big Dams, Displaced Peoples: Rivers of Sorrow, Rivers of Joy. Delhi: Sage Publications.

-------. 1996. "Development, Displacement and Rehabilitation: Locating Gender." Economic and Political Weekly. 31(24): 1500-1503.

-------. 2000. Mainstreaming Gender Concerns in Resettlement Planning. Calcutta Environmental Improvement Project (CEIP). Document prepared for the Asian Development Bank, Manila.

Mehta, Lyla, and Bina Srinivasan. 2000. ANNEX B: Balancing Pains and Gains. A Perspective Paper on Gender and Large Dams. Final Paper. World Commission on Dams.

Operations Evaluation Department. 1998. Recent Experiences with involuntary resettlement: China-Shuikou (and Yantan). No. 17539. Washington D.C.: World Bank.

Srinivasan, Bina. 2001. "Social Impacts of Large Dams. Gender, Equity and Distribution Issues." Economic and Political Weekly 36 (43).

Tinker, Irene, and Ga;e Summerfield, editors. 1999. Women's Rights to House and Land: China, Laos, Vietnam. London: Lynne Rienner Publishers.

United Nations Center for Human Settlements (UNCHS). 1999. Women's Right to Land, Housing and Property in Post-Conflict Situations and During Reconstruction: A Global Overview. Nairobi: UNCHS.